
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२४ • २०८१ साल पुस २५ गते बिहीबार (9 January, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

### सत्ता घटककै सांसदद्वारा मुख्यमन्त्रीलाई मार्ग प्रशस्त गर्न आग्रह

# मुख्यमन्त्री सिंहको स्टन्टबाजी असहनीय

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारका मुख्यमन्त्री सतीशकुमार सिंहको कार्य शैलीप्रति सत्ता घटक दलमा नै असन्तुष्टिको स्वर तीव्र हुँदै गएको छ ।

सत्ता घटक मध्ये नेपाली कांग्रेस र लोसपाका नेताहरु सार्वजनिक रुपमै मुख्यमन्त्रीको कार्यप्रतिको असन्तुष्टिलाई तीव्रता दिएका छन् ।

बेलाबखत नेपाली कांग्रेसका नेताहरुले सरकारको प्रतिवद्धताको कार्यान्वयन बारे प्रश्न गरी संवाद गरे पनि मुख्यमन्त्री सिंह त्यसप्रति गम्भीर नहुँदा सत्ता घटक दलमा असन्तुष्टिको क्रम बढ्दै गएको छ ।

मुख्यमन्त्री सिंह नेपाली कांग्रेस र लोसपासँगको वचनवद्धता कार्यान्वयनमा चासो नराख्ने तर सत्ता घटककै दल नेकपा एमालेका नेताका भनाइलाई आत्मसात गर्दै जाँदा नेपाली कांग्रेस र लोसपाले मुख्यमन्त्री सिंह उपेक्षा र महत्वहीन बनाउने षडयन्त्रमा लागेको भनी अविश्वास सिर्जना हुँदा मुख्यमन्त्री सिंहप्रति आक्रोश व्यक्त गर्दै शीर्ष तहमा नेतृत्व परिवर्तनका लागि पहलसमेत गरिरहेका छन् ।

जनमत पार्टीको नेतृत्वमा सरकार भए पनि जनमत पार्टीका अध्यक्ष डा. सीके राउत सत्ता घटक दलके आलोचना गर्दै मधेश प्रदेशमा विकासको बाधक नेपाली कांग्रेस र नेकपा एमाले भएको भनी सामाजिक सञ्जालमा गरेको




टिप्पणीले पनि सत्ता घटक दलमा मुख्यमन्त्री सिंहप्रति असन्तुष्टिसँगे नेतृत्व परिवर्तनको चर्चा परिचर्चा सघन हुँदै गएको छ ।

मुख्यमन्त्री सिंहले विभिन्न समयमा स्वेच्छाचारी ढंगले सरुवा बढुवाको गतिविधिमा चासो राख्ने, जनमतका कार्यकर्तालाई आयोग, समिति, मन्त्रालयमा राख्ने, सत्ता घटक दललाई बेवास्ता गर्ने प्रवृत्तिका कारण नेपाली कांग्रेस र लोसपा सार्वजनिक रुपमै मुख्यमन्त्री सिंह असफल भएको भन्दै आएको थियो ।

यस क्रममा मंगलबारदेखि शुरु भएकोम प्रदेशसभाको चौथो अधिवेशन अन्तर्गत पहिलो बैठकमा पनि मुख्यमन्त्रीको कार्य शैलीको विरोध साम्य हुन सकेनन् ।

मंगलबारको प्रदेशसभामा नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णा यादवले सीके राउतले कांग्रेस र एमालेले सरकारलाई घेराबन्दी गरेको टिप्पणीप्रति आक्रोश व्यक्त गर्दै मुख्यमन्त्री सिंह अहिलेसम्म विकासे काम नै अघि बढाउन नसकेका, विगतमा जनतामा थुप्रै आश्वासन बाँडेको र सत्ता आएपछि सरकारले काम अघि बढाउन नसकेकाले आफै गर्न नसक्ने र अरुमाथि औंला ठड्याउने प्रवृत्तिप्रति आपत्ति जनाएका थिए भने लोसपा मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले आर्थिक वर्षको आधा वितिसक्दा पनि विकास निर्माण शुरु हुन नपाएकोमा मुख्यमन्त्री सिंहको नेतृत्वमाथि प्रश्न खडा गरेका थिए ।

बुधबार भएको अधिवेशनको दोस्रो बैठकमा पनि सत्ता घटकमध्ये कांग्रेसका सांसद मो.समिमले काम गर्न नसकिए मार्ग प्रशस्त गर्न मुख्यमन्त्री सिंहलाई आग्रह गरे ।

गठबन्धनका नेताहरुमाथि जनमत पार्टीका अध्यक्ष सीके राउतले काम गर्न नदिएको सन्दर्भमा उनले आपत्ति जनाए । उनले प्रश्न गरे, 'गठबन्धनकै साथीहरुको बुँइ चढेर मुख्यमन्त्री बन्ने र गठबन्धनकै साथीरलाई लुटेरा र डाका भन्ने ?'

सांसद समिमले मुख्यमन्त्री सिंहलाई लक्षित गर्दै भने, 'आफै काम काम नगर्ने तर अर्थमन्त्रीलाई स्पष्टीकरण सोध्ने ? यो कदापि सहन सक्दिन । स्टन्टबाजी गर्ने ? काम गर्न सक्नु हुन्न भने ठाउँ छाडे हुन्छ ।'

उनले बजेट भाषण भएको र रेडबुक आएको धेरै समय वित्दा पनि विकास निर्माणको काम किन भइ रहेको छैन भन्ने प्रश्न समेत गरे ।

उनले मुख्यमन्त्रीलाई नै काम गर्नसक्नु हुन्न भने जिम्मेवारी लिनु पर्ने बताए ।

प्रदेश सभामै सत्ता घटककै दलका अन्य सांसदले पनि मुख्यमन्त्री सिंहले वाचा विपरीत क्रियाकलाप गरिरहेको आरोप लगाए ।

उनीहरुले मुखयमन्त्री सिंह रोष्टम उभिदा अनेकौं वाचा गर्ने तर रोष्टमबाट ओर्ले पछि वाचा कार्यान्वयनमा उदासीन भइ स्वेच्छाचारी प्रवृत्ति देखाउने गरेको प्रसंग उल्लेख गरे ।

जनमतले सपनाहरु बाँडे, समृद्ध मधेशको सपना सजाए किसान, मजदुर, युवाको समस्या समाधानको सपना महल बनाए, मधेशका जनता उनको सपनामा डुबे, सत्तामा आसीनको यात्रा गराएका छन्, तर जनमत पार्टीका नेतृत्वकर्ताले एजेण्डा, सपनालाई भताभुंग पारेको सत्ता घटककै दलका सांसदले आरोप लगाए ।

सत्ता घटककै सांसदहरुको भनाइ छ - मुख्यमन्त्री सतीशकुमार सिंहमा आज भनिएको कुरा भोलि बिर्सिने गैर जिम्मेवारपन छ ।




# चुरे व्यवस्थापनका लागि जनशक्ति आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे क्षेत्रको दिगो व्यवस्थापनका लागि समुदायमा जैविक विविधताको महत्व र यसको संरक्षणका लागि अभियान शुरु गरिएको छ ।

चुरे उत्थानशील आयोजनाले विनाश हुँदै गएका चुरे क्षेत्रको भूपरिधि तथा प्राकृतिक पुनःस्थापनाका लागि मधेश प्रदेशको महोत्तरी, सर्लाही, धनुषा, सिराहा र सप्तरीसहितको जिल्लामा सघन कार्यक्रम सञ्चालन गरिएको छ ।

वन निर्देशनालयका सचिव उद्धव घिमिरेले चुरेलाई हराभरा बनाउन तालिम प्राप्त दक्ष जनशक्ति आवश्यक भएको धारणा राखे ।

आगामी सन् २०२७ सम्म



सञ्चालन हुने आयोजनाले समुदायलाई उत्थानशील बनाई जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई न्युनीकरण गर्ने उद्देश्यले संघ संस्थाका क्षमता अभिवृद्धिलगायतका आन्तरिक तयारीसमेत थालिएको छ ।

कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशका ११ जिल्लाका २६ नदी प्रणाली, ११३ स्थानीय तह र ७५७ वडाहरूमा अभियान चल्ने छ ।आगामी सन् २०२७ (०८४ साल वैशाख) सम्म सञ्चालन हुने ७ वर्षे अवधिको सो आयोजनाका लागि हरित जलवायु कोष (जीसीएफ) को अनुदानबापत ३ करोड ९३ लाख रुपैयाँ र नेपाल सरकारको ८० लाख ८२ हजार रुपैयाँ गरि कुल जम्मा ४ करोड ३४ लाख ४२ हजार डलर अर्थात् ५ अर्ब ६० लाख नगद लगानी भएको छ । यो आयोजनाबाट कोशी, मधेश र बागमती प्रदेशका चुरे भूपरिधि अवस्थित ११ जिल्लाका २ लाख घरधुरीलाई प्रत्यक्ष र ९ लाख परिवारलाई अप्रत्यक्ष लाभ पुग्ने भएकोले आफैमा महत्वाकांक्षी मानिएको चुरे उत्थानशील आयोजनाको लक्ष्य प्राप्तिका लागि सबैको साथ र सहयोग र सहकार्य आवश्यक रहेको छ ।


## जनतासँग जसपा नेपाल' अभियानमा अध्यक्ष यादव सक्रिय

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव तीन दिवसीय पार्टी कार्यक्रमका लागि सप्तरीमा सक्रिय भएका छन् । बुधबारदेखि तीन दिनसम्म सप्तरीको चारवटै निर्वाचन क्षेत्रको तीन स्थानमा आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा अध्यक्ष यादवले प्रमुख प्रशिक्षक एवं वक्ता रहेका छन् ।

पहिलो दिन सप्तरीको क्षेत्र नं. १, कञ्चनरुप नगरपालिका वडा नं. ८ स्थित मिथिला पार्टी प्यालेस बेरियरमा पार्टी प्रशिक्षणसहित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

पुस २५ गते सप्तरी क्षेत्र नं. २ र ३ को संयुक्त अभिमुखीकरण कार्यक्रम विष्णुपुर गाउपालिका वडा नं १ स्थित प्रसाहीमा आयोजना गरिएको छ । सो लगत्तै पुस २६ गते क्षेत्र नं ४ को लागि खड्क नगरपालिकाको विष्णुपुर बजारमा प्रशिक्षण कार्यक्रम राखिएको जनाइएको छ ।






# चिसो बढेसँगै वीरगञ्ज महानगरका विद्यालय तीन दिन बन्द



वीरगञ्ज । वीरगञ्ज महानगरले अत्यधिक चिसो बढेसँगै आजदेखि तीन दिन महानगरभित्रका विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरेको छ । पछिल्ला दिन जिल्लामा बाक्लो हुस्सु लाग्न थालेको छ। महानगरले पुस २४ देखि २६ गतेसम्म तीन दिन जाडो बिदा दिने निर्णय गरेको हो ।

महानगरका शिक्षा अधिकृत हरि राउतले सार्वजनिक सूचना जारी गरेर तिन दिन सामुदायिक र संस्थागत विद्यालयलाई जाडो बिदा दिने निर्णय भएको जानकारी दिनुभयो । "बढ्दो जाडोका कारणबाट विद्यार्थीको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई मध्यनजर गर्दै तीन दिन वर्षे बिदाबाट कट्टा हुनेगरी विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्नेगरी विद्यार्थीलाई गृहकार्य दिई घरमा अध्ययन गर्ने वातावरण मिलाई विद्यालयमा पठनपाठनसम्बन्धी कार्य स्थगन गर्न/गराउनुहुन सम्बन्धित सबै विद्यालयलाई जानकारीका लागि आदेशानुसार अनुरोध छ", उहाँले भन्नुभयो ।

त्यसैगरी पर्सागढी नगरपालिकाले पनि गत पुस २१ गते सार्वजनिक सूचना जारी गरेर पुस २२ गतेदेखि माघ १ गतेसम्मका लागि सामुदायिक तथा संस्थागत विद्यालयलाई जाडो बिदा दिने निर्णय गरेको शिक्षा शाखा प्रमुख देवकुमार गिरीले जानकारी दिनुभयो ।रासस

# मन्त्री पाण्डेसँग बिम्स्टेक महासचिवको भेट



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्रीप्रसाद पाण्डेसँग बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)का महासचिव इन्द्रमणि पाण्डेले भेट गर्नुभएको छ।

महासचिव पाण्डे नेतृत्वको प्रतिनिधिमण्डलले बुधबार मन्त्री पाण्डेसँग मन्त्रालयमा भेट गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

भेटमा उहाँहरुबीच बिम्स्टेक देशहरुबीचको भिसा सहजकीकरण, धार्मिक, सांस्कृतिक र पर्यटकीय 'सर्किट'मा पर्यटन पूर्वाधारको विकासलगायत विषयमा छलफल भएको थियो । भेटमा मन्त्री पाण्डेले बिम्स्टेक टुरिजम फण्डलाई वृद्धि गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले नेपालको हवाई उड्डयन क्षेत्रलाई चलायमान बनाउन, पर्यटकीय क्षेत्रलाई अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन बिम्स्टेक सदस्य राष्ट्रका पर्यटन बोर्डहरुबीचको आबद्धता तथा आपसी आदानप्रदानलगायतका विषयमा जोड दिनुभएको थियो।

बिम्स्टेक महासचिव इन्द्रमणि पाण्डेले बिम्स्टेकको महत्वपूर्ण एजेण्डा 'कनेक्टिभिटी' भएको बताउँदै नेपालको पर्यटन क्षेत्रको विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।रासस

# 'परराष्ट्रमन्त्रीद्वारा विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालका लागि इजरायलका राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि आग्रह गर्नुभएको छ।



परराष्ट्रमन्त्री डा राणासँग बुधबार मन्त्रालयमा शिष्टाचार भेटका क्रममा राजदूत बाससँग उहाँले विपिनको अवस्था बारे जानकारी लिँदै हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह गर्नुभएको हो ।

हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई अपहरण मुक्त गर्न लागेको भन्ने समाचार आएकाले जोशीको रिहाइलाई विशेष प्राथमिकतामा राख्न मन्त्री डा राणाले राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गर्नुभएको थियो ।

सो भेटका क्रममा राजदूत बासले हमासको नियन्त्रणमा रहेका वृद्धवृद्धा, महिला तथा बालबालिकासमेतका नाजुक स्वास्थ्यवस्थामा रहेका नागरिकहरुको रिहाइका लागि इजरायलसरकारलेकेहीमहिनाअघि हमासलाई सूची पठाएको र पहिलो चरणमा उनीहरुलाई नियन्त्रणमुक्त गर्ने तयारी रहेको भन्ने सूचना आएको जानकारी गराउनुभएको थियो ।

सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित एक हजार बढी व्यक्तिको हत्या गरेको थियो। त्यसलगत्तै उनीहरुले केही व्यक्तिलाई अपहरण गरेकोमा विपिन जोशी पनि छन् । विपिनको रिहाइका लागि नेपाल सरकारले आफ्ना कूटनीतिक प्रयास जारी राखेको छ ।

संयुक्त राष्ट्रसङ्घ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय बैठकहरुमा परराष्ट्रमन्त्री डा राणाले अन्तर र्राष्ट्रिय समुदायलाई विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै आउनुभएको छ ।रासस

# सूर्यदर्शन सहकारी बचत अपचलन: प्रतिवादीहरूको थुनछेक बहस जारी

गण्डकी । कास्कीको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका प्रतिवादीहरूको थुनछेक बहस जिल्ला अदालत कास्कीमा जारी छ। उक्त मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरूको थुनछेक बहस जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा भइरहेको हो ।

मङ्गलबार लामिछाने तर्फका कानुन व्यवसायीको बहस सकिएपछि अन्य प्रतिवादीहरूको बहस सुरु भएको अदालतका

**लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा जोडिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनछेक बहस भइरहेको हो ।**

श्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो। सोमबार र मङ्गलबार लामिछाने पक्षका कानुन व्यवसायी वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, रमणकुमार श्रेष्ठ, सुरेन्द्र थापालगायतले बहस गर्नुभएको थियो।

यसअघि प्रतिवादी लीला पछाईं र छविलाल जोशी पक्षका कानुनी व्यवसायीहरूले बहस गरेका थिए।
सरकारी वकिल र जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीले उक्त मुद्दामा बहस गरेपछि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस चलिरहेको हो। प्रतिवादीहरूको बयान सकिएलगत्तै यही पुस १६ गतेदेखि थुनछेक बहस सुरु भएको थियो। प्रतिवादीतर्फका कानुन व्यवसायीहरूको बहस सकिएपछि पुनः सरकारी वकिलका तर्फबाट जवाफी बहस सुरु हुने जनाइएको छ।

थुनचेक बहसपछि प्रतिवादीहरूलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ। लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा जोडिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनछेक बहस भइरहेको हो। यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो।

सभापति लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ। सभापति लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा समेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ। यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।रासस

# त्रैमासिक समीक्षा:आर्थिक वृद्धिदर ३.४ प्रतिशतमा सीमित




काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा मुलुकको कूल गार्हस्थ्य उत्पादन वृद्धिदर (जिडिपी) तीन दशमलव चार प्रतिशतमा खुम्चिएको छ । गत असोजको बाढीपहिरो र निर्माण क्षेत्रको नकारात्मक वृद्धिले आर्थिक वृद्धिदर सङ्कुचित भएको हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सरकारले चालु आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएकामा तीन दशमलव चार प्रतिशत मात्र हासिल भएको हो ।अर्थतन्त्रमा योगदान गर्ने विभिन्न १८ क्षेत्रमध्ये १७ वटाको वृद्धिदर धनात्मक छभने निर्माण क्षेत्रको वृद्धिदर भने ऋणात्मक छ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासमा विद्युत् तथा ग्याससँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै छ । यो क्षेत्र २१ दशमलव चार प्रतिशतले बढेको छ। यातायात तथा गोदाम क्षेत्र छ दशमलव सात प्रतिशत योगदान रहेको छ।

पहिलो त्रैमासमा आवास तथा भोजन सेवा क्षेत्र छ दशमलव तीन, वित्तीय तथा विमा क्षेत्र पाँच दशमलव सात, प्रशासनिक सहयोगी सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव चार र पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाको वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ।

चालु आवको प्रथम त्रैमासिकमा निर्माणजन्य वस्तुको आयातमा आएको गिरावटका कारण निर्माण क्षेत्र झिनो अङ्कले सङ्कुचनमा रहेको अनुमान छ । निर्माण क्षेत्र शून्य दशमलव तीन प्रतिशतले नकारात्मक रहेको छ।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर तीन प्रतिशत हुने अनुमान छ। धानलगायतका वर्खे बालीको उत्पादनमा वृद्धि हुनुका साथै तरकारी तथा नगदेबाली र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको जनाइएको छ।

मयमा मलको उपलब्धता, उन्नत बीउको प्रयोग, तथा यथेष्ट मनसुनी वर्षाका कारण कृषिजन्य उत्पादनमा वृद्धि हुने अपेक्षा गरिए पनि बाढी र पहिरोका कारण कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुन नसकेको हो।

अर्थतन्त्रको दोस्रो ठुलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्र पहिलो त्रैमासमा शून्य दशमलव पाँच प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । कृषि तथा व्यापारजन्य वस्तुको स्वदेशी उत्पादनमा भएको सामान्य वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको सामान्य वृद्धिका कारणले गर्दा व्यापार क्षेत्रको वृद्धि धनात्मक दिशा उन्मुख भएको कार्यालयले जनाएको छ।

समीक्षा अवधिमा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मुल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव तीन, शिक्षा क्षेत्र शून्य दशमलव चार, स्वास्थ्य क्षेत्र चार दशमलव एक र घरजग्गा कारोबार क्षेत्र तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ।

'तन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धि, पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कूल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन् । यसका अतिरिक्त यातायात क्षेत्रमा भएको वृद्धि, स्वास्थ्य सेवामा भएको वृद्धि, सार्वजनिक प्रशासनका क्षेत्रमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो", कार्यालयले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ ।रासस

# अपिहिमाल गाउँपालिकाको विकासमा पहल गर्छु : अध्यक्ष दाहाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दार्चुलाको अपिहिमाल गाउँपालिकको केन्द्र खण्डेश्वर 'सिम्म सडक निर्माणमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । गाउँपालिकाका जनप्रनिधि तथा राजनीतिक दलका प्रतिनिधिसँग बुधबार आफ्नै निवासमा भएको छलफलमा उहाँले प्रमुख प्रतिपक्षी दलका नेताका रूपमा पालिकाको समग्र विकासमा लागि पर्ने विश्वास दिलाउनुभयो।



अध्यक्ष दाहालले आफू प्रधानमन्त्री भएका बेलामा थोरै भए पनि बजेट विनियोजनको सुरूआत गरिएको जानकारी दिँदै बजेट वृद्धिका लागि पहल गर्ने प्रतिबद्धता गर्नुभयो । उहाँले त्यतिबेला पालिका मुकामसम्म पुग्नेगरी बजेटका लागि निर्देशन दिइएको भए पनि आवश्यक बजेट नपरेको स्वीकार गर्नुभयो।

सुदूरपश्चिमको परिचित अपिहिमालका नामबाट स्थापित यो गाउँपालिकाले विकास निर्माणमा पनि त्यहीअनुसारको अपेक्षा गर्नु स्वभाविक भएको भएको उल्लेख गर्दै उहाँले पर्यटन प्रवर्द्धनका लागि पनि पर्यटन बोर्ड र विद्युत् विस्तारका लागि विद्युत् प्राधिकरणमार्फत काम अघि बढाउन आग्रह गरिने बताउनुभयो।

छलफलमा गाउँपालिकाका प्रतिनिधिले पालिकाको मुकामसम्म पुग्न १० किलोमिटर बाँकी रहेकाले बजेट व्यवस्थापनका लागि पहल गरिदिन आग्रह गर्नुभएको थियो । उहाँहरूले पालिकाका सबै वडा र बस्तीमा राष्ट्रिय विद्युत् लाइन विस्तार र वडा नं ३ को भूगोल ठूलो भएकाले सेवा प्रवाहलाई सहज बनाउन वडा विभाजनमा सहयोग गरिदिन आग्रह गर्नुभएको थियो।

ो क्रममा अध्यक्ष दाहाललाई गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहरा, उपाध्यक्ष देवकीदेवी बोहरा, सबै वडाका वडाध्यक्ष, कर्मचारी, नेपाली कांग्रेसका पालिका सभापति शोवनसिंह लोथ्याल, माओवादी केन्द्रका पालिका उपाध्यक्ष मोहनसिंह कार्की र एमालेका प्रतिनिधि नरेन्द्रसिंह रोकायालगायतले हस्ताक्षर गरेको तीन सूत्रीय ज्ञापनपत्र बुझाइएको थियो ।रासस


## हिमालयन लाईफ

**प्रधान कार्यालय : मनकामना मार्ग, काठमाण्डौं, नेपाल**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | ULI२१६०००००५३८ | जितेन्द्र कुमार भारती | गौर २ रौतहट |

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । परिवारको साथ र सहयोग मिल्नेछ ।
वृष : दिन सामान्य छ । साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ ।
मिथुन : दिन रमाइलो छ । परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ । लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ ।
सिंह : दिन राम्रो छ । लगानीका क्षेत्र सबल छन् ।
कन्या : दिन सामान्य छ । परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ ।
वृश्चिक : खटपटी बढ्नेछ । प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ ।
मकर : दिन सामान्य छ । अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ । हरेक काममा बाधा आइलाग्नेछ ।
कुम्भ : दिन सामान्य राम्रो छ ।
मीन : सोचेका काम बन्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

## जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

## राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे




महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित दुर्गाचोकमा तेजपत्ता बिक्री गर्दै महिला व्यापारी । *तस्बिरः रासस*

# मिथिलामा तिलासक्रायतको तयारी

महोत्तरी । मिथिला क्षेत्रमा पुसको छिप्पिँदो जाडोसँगै तिलासक्रायत पर्वको तयारी सुरु भएको छ। घरघरमा तिलासक्रायत पर्वका लागि सामग्रीको जोहो र पकाउने, तुल्याउने तयारीले अहिले चहलपहल बढेको हो । अहिले मिथिलावासीहरु पर्वको पूर्वतयारीमा जुटेका छन् । सौरमास गणनाले माघ लाग्ने सङ्क्रान्तिका दिन मनाइने यो पर्वका लागि आवश्यक सामग्री केही दिन पहिलेदेखि नै तयारी गर्नुपर्दा मिथिलानी (मिथिलाका नारी)लाई भ्याइनभ्याइ छ । यसपाली यो पर्व आगामी मङ्गलबार परेको छ ।

मुरीको धान निफन्नु, उसिन्नु, सुकाउनु, कुटेर चामल बनाउनु र मुरी भुट्नु अहिले गृहणीका काम हुन् ।

मुरीका लागि बनाइने चामलका लागि धान विशेष ढङ्गले उसिन्ने चलन छ । यसैगरी चिउराका लागि धान निफन्ने, भिजाउने र चिउरा कुट्ने कामको पनि चटारो छ । तिल निफन्ने, फल्ने (छाँट्ने, भिजाएर बाहिरी कत्ला फाल्ने), सुकाएर राख्ने, सक्खरको जोहो गर्ने र सङ्क्रान्तिअघि नै मुरी, चिउरा, जुनेलो बनाइसक्नुपर्ने चटारोले छोप्दा



भ्याइनभ्याइ भएको भङ्गाहा-४ थारुटोल वनराकी ७५ वर्षीया रामसुनर देवी थारुले बताउनुभयो।

“पवनीले छोपिसक्यो, काम असरल्ल नै छ”, उहाँले भन्नुभयो, “चिउरा कुट्न र मुरी भुट्न बाँकी नै छ, शनिबारयता मौसम सफा हुँदा अब सबै काम छिनिन्छ भन्ने लागेको थियो, हिजोदेखि फेरि हुस्सु बढ्नाले पीर लागेको छ ।” तिलासक्रायत मिथिलाका सबै जाति समुदायले उल्लासले मनाउने भए पनि थारुहरुको भने यो मुख्य पर्व नै हुँदा यहाँका थारु बस्तीमा विशेष चहलपहल देखिँदो छ । थारुहरु यस पर्वमा गच्छेअनुसार माछामासुका परिकार बनाउँछन् ।

मिथिलामा थारुबाहेक अन्य जाति समुदायमा पर्व मनाइसकेपछि छोरीचेली, मितमितिनी र नजिकी इष्टमित्रकहाँ सक्रायतको सनेस (कोसेली) लैजाने चलन छ । तर थारु समुदायमा यो पर्वमा छोरीचेली, ज्वाइँ, भाञ्जाभाञ्जी र नातिनातिना (छोरीका छोराछोरी) लाई पर्वअघि नै बोलाउने चलन छ ।

तिलासक्रायतमा घरकरेसामा लगाइएको तरुल, पिँडालु र सुठुनीलगायत कन्दमूलले राम्रो मूल्य पाउने आसमा किसान छन् । “यी उत्पादन सङ्क्रान्तिको दुई दिनअघिदेखि बिक्छन्, त्यसैले भोलिपछि खन्न थाल्दा हुन्छ”, बर्दिवास-९ का किसान महेन्द्रसिंह महतोले भन्नुभयो । यसपाली बर्खाकालको अनुकूल वर्षाले माटोको चिस्यान नमर्दा कन्दमूल राम्रो उत्पादन भएको किसान बताउँछन् । यहाँ सिमल तरुलभन्दा लहरे तरुल अझ बढी लगाइन्छ ।रासस

# मोतियाविन्दुका बिरामीको निः शुल्क उपचार गर्दै सगरमाथा आँखा अस्पताल




सिरहा । लहान नगरपालिकाले यस वर्ष पनि बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गर्ने भएको छ। यसका लागि मंगलबार नगर प्रमुख महेशप्रसाद चौधरी र सगरमाथा चौधरी आँखा अस्पताल अध्यक्ष रवीन्द्रलाल चौधरीले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । नेपाल नेत्रज्योती संघद्वारा सञ्चालित सो अस्पताल आँखा उपचार सेवाका लागि अब्बल रहेको छ।

सम्झौताअनुसार शिविरमा मोतियाविन्दुको पहिचान भएका बिरामीको शल्यक्रियाको खर्च नगरपालिकाले व्यहोर्ने छ। “हामीले प्रत्यक वर्ष निःशुल्क आँखा शिविर आयोजना गर्दै आएका छौं । सोहीअनुरुप अब वडावडामा शिविर आयोजना गरिनेछ”, नगरप्रमुख चौधरीले भन्नुभयो, “शिविरले यहाँका गरिब तथा विपन्न समुदाय लाभान्वित हुने विश्वास लिएको छु ।” केही दिनभित्रै गाउँगाउँमा शिविर सञ्चालन गर्ने भन्दै नगरप्रमुख चौधरीले एक हजार मोतियाविन्दुका बिरामीको शल्यक्रिया गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।

नगरप्रमुख चौधरीको अनुसार विगत दुई वर्षदेखि यसरी शिविर सञ्चालन गरिएको र यस क्रममा पहिलो वर्ष सात हजार जनाले आँखा जाँच गराएका थिएभने एक हजार ९२ जना मोतियाविन्दुको पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो । यसैगरी, दोस्रो वर्ष तीन हजार जनाले आँखा जाँच गराउँदा सात सय मोतियाविन्दु पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो ।

जाडोको समयमा आँखाको रोगको सङ्क्रमण धैरै हुने र गाउँगाउँमा पैसको अभावमा बिनाउपचार बस्ने गरिब तथा विपन्न समुदायलाई निःशुल्क आँखा शिविरले सहयोग पुग्ने अस्पतालका अध्यक्ष रवीन्द्रलालले बताउनुभयो ।रासस

# महोत्तरीका विद्यालय बन्द

जलेश्वर। विगत तीन दिनदेखि एक्कासि जाडो बढ्ेपछि जिल्लाका पाँच वटा पालिकाले आफ्नो नगरभित्रका विद्यालय बन्द गरेका छन् ।

सदरमुकाम रहेको जलेश्वर र मनरासिस्वा नगरपालिका तथा पिपरा, सोनमा र एकडारा गाउँपालिकाले जाडोका कारण पठनपाठन सञ्चालन गर्न असहज भएको भन्दै आजदेखि लागू हुनेगरी एक साताका लागि नगरभित्रका विद्यालय बन्द गरेका हुन् ।

जलेश्वर, मनरासिस्वा, सोनमा र पिपरा गाउँपालिकाले आजदेखि लागू हुनेगरी पुस २९ गतेसम्मका लागि विद्यालय बन्द गरेका छन् भने एकडारा गाउँपालिकाले आगामी माघ १ गतेसम्मका लागि विद्यालय बन्द गरेको विज्ञप्तिमार्फत जनाएका छन् ।

साना बालबालिका अत्यधिक जाडोका कारण प्रभावित हुन थालेपछि १० नगरपालिका र पाँच गाउँपालिका रहेका महोत्तरीका पाँच वटा पालिकाले बर्खे बिदाबाट कट्टा हुनेगरी जाडो बिदा दिँदै नगरभित्रका विद्यालयमा पठनपाठन बन्द




भएको जनाएका छन् ।

तराई मधेसमा विगत दुई-तीन दिनदेखि एक्कासि शीतलहर र चिसो हावा चल्न थालेपछि कठ्याङ्ग्रिदो र असहनीय जाडो भएर जनजीवन प्रभावित बनेको छ। असहनीय जाडोका कारण स-साना बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका जिल्ला प्रशासन कार्यालयले जनाएको छ। रासस

# ओझेलमा छन् रौतहटका पर्यटकीयस्थल

रौतहट । पछिल्लो समय रौतहटमा पर्यटकहरुको लागि नयाँ गन्तव्यस्थलहरु बढ्दै गएका छन् । खासगरी ऐतिहासिक महत्व बोकेका क्षेत्रहरुलाई पर्यटकहरुको गन्तव्य बनाइएको छ । प्रचुर पर्यटकीय सम्भावना बोकेका शिवनगरको शिव मन्दिर, पौराईको ब्रह्मस्थान, नजरपुर कृष्ण मन्दिर, सन्तपुरको मरधर सिमसार क्षेत्र, गौरस्थित बरहवा सिमसार, शहीद स्मृति पार्क, तिलेश्वर पार्क, जङ्गे झरना, शिवनगर मन्दिर, दुर्गाभिगवती मन्दिर, पौराइ बह्मस्थानलगायत दर्जनभन्दा बढी ऐतिहासिक महत्वका स्थलहरू रौतहटमै पर्दछ । यी विभिन्न गन्तव्यस्थलहरुको बारेमा संक्षेपमा यहाँ उल्लेख गरिएको छ।

**नुनथर क्षेत्र**

पूर्व-पश्चिम महेन्द्र राजमार्गको बागमती खण्डबाट झण्डै २ किमि उत्तर हिँडेपछि रौतहट, मकवानपुर, सर्लाही र सिन्धुलीको सङ्गमस्थलको रुपमा परिचित पर्यटकीय क्षेत्र नुनथर आउँछ । बागमती नदीको किनार तथा चुरेको काखमा रहेको नुनथर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलको रुपमा विकसित हुँदै गएको छ। यहाँ एकपटक आएपछि नदोहोर्‍याउने कमै होलान् । रौतहटको चन्द्रपुर नगरपालिका-१ मा पर्ने नुनुथर क्षेत्र धार्मिक तथा पर्यटकीय स्थलको रुपमा परिचित छ । पछिल्लो समय विवाह, वनभोज र घुम्नेहरुको रोजाइमा परेको यो क्षेत्र स्वच्छ सफा, सुन्दर प्राकृतिक एवं जैविक विविधतायुक्त तथा आफ्नै मौलिकताले भरिपूर्ण छ। सय वर्षभन्दा बढी पुरानो शिव मन्दिर र त्यहाँको नुनिलो पानीका कारण यो क्षेत्र धार्मिक र पर्यटकीय महत्वले प्रख्यात छ । चुरेफेदको पानीको मूलहरुमध्ये नुन मिसिएको मिठासयुक्त पानी अन्यत्र पाइएको छैन । यहाँको पानी दुई वर्षसम्म खाएमा कुष्ठरोग, चर्मरोग निको हुने जनविश्वास रहेको नुनथर क्षेत्र विकास समितिका सचिव समिरबाबु कार्की बताउनुहुन्छ।

सातौँ शताब्दीमा चिनियाँ यात्री हवेनसँग नुनथरमा बास बेसेको ताङ वृतान्तमा उल्लेख छ । विविधता एवं प्रकृतिको मनमोहक दृश्यावलोकन, मिठासयुक्त नुनिलो पानीको स्वाद चाख्न, वनभोजका र शिवको मन्दिर दर्शनका लागि भारतबाट समेत पर्यटकहरु आउने गरेको सचिव कार्कीले जानकारी दिनुभयो।

छिमेकी सर्लाही, धनुषा, महोत्तरी, बारा, पर्सा, मकवानपुरका मानिसहरु यहाँ घुम्न आउँछन् । साउन र भदौ महिनामा यहाँ मेला लाग्छ । नुनथर क्षेत्र विकास समितिका अध्यक्ष एवं पूर्वसांसद रामकुमार भट्टराईका अनुसार यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न समितिले झण्डै रु एक करोड खर्चेर पिङ, चिल्ड्रेन पार्क, वनभोजस्थल, माछा मार्ने स्थान र डुङ्गा शयरको व्यवस्था गरेको छ।

नुनथरमा झोलुङ्गे पुल निर्माण गरिएपछि यसको रौनक झनै बढेको छ। पुलले सर्लाही जिल्लालाई समेत जोडेको छ । कतिपय मानिस तस्बिर खिच्न मात्र पनि पुलमा पुग्छन् । यस्तै नुनथरको पश्चिम उत्तरको कुनामा रहेको अग्लो रामचुवा डाँडाबाट सूर्योदय तथा सूर्यास्तको आकर्षक दृश्य देख्न सकिन्छ। उत्तरको मनोरम हिमशृंखला र दक्षिणको पवित्र भगिरथी गङ्गा बगिरहेको देख्न सकिन्छ।

**मरधर सिमसार क्षेत्र**

साइबेरियादेखि पन्छी आउने मरधर सिमसार क्षेत्र पछिल्लो समय अतिक्रमणको चपेटा परेको छ। पूर्व-पश्चिम राजमार्गबाट चार किमि दक्षिण चन्द्रपुर नगरपालिका-८ मा रहेको यो सिमासार क्षेत्र पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएको छ। यहाँ विभिन्न प्रजातिका चराहरु देख्न पाइन्छ । तीस बिघा क्षेत्रमा फैलिएको सिमसारलाई व्यवस्थित गर्न गुरुयोजना बनाइएको भएता पनि भूमाफियाले आफ्नो नाममा गराएपछि सो क्षेत्र संरक्षण हुन सकेको छैन । सिमसारमा डुङ्गा शयर, मन्दिर, बालउद्यान, चिडियाघरलगायत पर्यटकका लागि आकर्षण भौतिक संरचना बनाउन विस्तृत अध्ययन प्रतिवेदन ( डिपिआर) तयार गरिएको भए पनि त्यसअनुसार काम भएको छैन । सो सिमसार क्षेत्रको भूभागलाई २०४६ सालमै भुमाफियाले आफनो नाममा गराइसकेको भए तापनि चन्द्रपुर नगरपालिकाले राज्यको नाममा ल्याउन लागिपरेको बताइएको छ।

**जङ्गे झरना**

> पूर्व-पश्चिम महेन्द्र राजमार्गको बागमती खण्डबाट झण्डै २ किमि उत्तर हिँडेपछि रौतहट, मकवानपुर, सर्लाही र सिन्धुलीको सङ्गमस्थलको रुपमा परिचित पर्यटकीय क्षेत्र नुनथर आउँछ ।

जङ्गे झरना रौतहटको चन्द्रपुर नगरपालिका-१ र २ अथवा रौतहट र मकवानपुर जिल्लाको सङ्गम क्षेत्रमा पर्दछ । चुरे क्षेत्रमा पर्ने उक्त झरनामा भारतबाट समेत पर्यटकहरु आउने गर्छन्। कुनै समय जङ्गबहादुर राणाले रमाइलो गर्न आउने ठाउँको रुपमा रहेको बुढापाकाहरुको भनाइ छ । सोही कारणले गर्दा पनि यो झरनाको नाम जङ्गे झरना राखिएको बताइन्छ। सो झरना जानको लागि चन्द्रपुर नगरपालिकाको सहयोगमा बाटो निर्माण गरिएको छ । सो क्षेत्रमा मानिसहरु चिसोपानीमा नुहाउन र वनभोज खान आउने गर्दछन्। खासगरी गर्मी समयमा उक्त झरनामा मानिसहरुको भीड लाग्ने गरेको स्थानीय गोविन्द खरेलले बताउनुभयो।

**शहिद स्मृति पार्क**

चन्द्रपुर नगरपालिका-२ स्थित पूर्व-पश्चिम राजमार्गको छेउमा रहेको शहीद पार्क आन्तरिक पर्यटकका लागि गन्तव्य बनेको छ । प्रायः हरेक शनिबार यो क्षेत्रमा निकै भीड लाग्छ। चादी खोला र जङ्गलको सङ्गमले चिनिने पार्कमा भारतको बैरगनियबाट समेत पर्यटकहरु घुम्न आउने गर्छन् । राजमार्गमै टाँसिएर बनेको सो पार्क नेपाल सरकारले २०६६ सालमा शान्ति मन्त्रालयको लगानीमा निर्माण गरिएको हो । उक्त पार्क वनटोल सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा पर्दछ।

**नमुना मुसहर बस्ती**

चन्द्रनिगाहपुरबाट सात किमी कालोपत्रे र एक किमि ग्राभेल छिचोलेर यो बस्ती पुगिन्छ। चन्द्रपुर नगरपालिका-८ सन्तपुरमा रहेको करिब पाँच वर्षअगाडि धुर्मुस-सुन्तली फाउन्डेशनले बनाइदिएको नमूना बस्ती हेर्न मानिसको ठूलो भीड लाग्छ। सन्तपुरका विपन्न परिवारको बास बनाइदिने लक्ष्यअनुसार फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलले सो बस्ती बनाएका हुन । एउटै रङ्गले सजिएका घरहरु निकै आकर्षक देखिन्छ । बस्तीमा बनाइएको भ्यूटावरबाट सन्तपुर वासपासका बस्ती र पहाडको दृश्य हेर्न सकिन्छ। दिनहुँ दुई सयको हाराहारीमा मानिस बस्ती हेर्न पुग्छन्। बस्तीभित्र विद्यालय, मन्दिर र खेल्ने सामानहरु राखिएको छ।

**डाबरी पार्क**

चन्द्रनिगाहपुर नगरपालिका-६ स्थित रहेको डाबरी पार्क अर्को गन्तब्यको रुपमा परिचित छ। यो क्षेत्र पनि वनभोज र घुमघामको लागि प्रख्यात छ । चारैतिर जङ्गलको बीचमा रहेको पार्क हेर्न मानिसको भीड लाग्छ। यसलाई आन्तरिक पर्यटकको रुपमा विकास गर्नसके स्थतानीयको आम्दानी बढ्ने मधेश प्रदेशका पूर्वप्रदेश सांसद धनलाल ठोकर बताउनहुन्छ। सो पार्क क्षेत्रमा रहेको पोखरीमा बाह्रै महिना पानी र कोमलको फूल फुल्ने गर्दछ।

**पौराइ ब्रह्मस्थान**

रौतहटको चन्द्रपुर नगरपालिका-१ पौराइमा रहेको पौराइ ब्रह्मस्थानको महत्व आफ्नै छ । यहाँ मधेश प्रदेशदेखि भारतका विभिन्न सहरबाट दर्शन गर्न आउने उक्त मन्दिरमा बाक्लो भीड लाग्ने गर्दछ । मन्दिरमा विभिन्न भाकल गर्ने भक्तजनहरु आफनो मनोकांक्षा पूरा भएपछि बोका बली दिने र परेवा उडाउने गरिन्छ। यहाँ दशैं तथा विशेष तिथि पारेर भीड लाग्ने गर्ने गरेको स्थानीय देवीप्रसाद सापकोटाको भनाइ छ। यस क्षेत्रको आस्था र विश्वासको देवता भएकै कारण यस मन्दिरमा हरेक दिन नै भीड लाग्ने गरेको छ । पौराई ब्रह्मस्थान पनि जङ्गबहादुर राणासँग जोडिएको छ।

**तिलेश्वर महादेव क्षेत्र**

रौतहटको चन्द्रपुर नगरपालिका-३ गैडाटारको उत्तरी चुरेको फेदीमा रहेको तिलेश्वरनाथ क्षेत्र अहिले पर्यटकहरुको नयाँ गन्तव्य स्थान बनेको छ। तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा चादी खोलाको छेउमा रहेको यस पर्यटकीयस्थलमा अहिले वनभोज जाने र घुमफिर गर्नेहरुको स८्या बाक्लिन थालेको छ। यस वर्षदेखि करिब १२ हेक्टर जमिन ओगटेको सो पर्यटकीय क्षेत्रलाई व्यवस्थित पर्यटन मन्त्रालय र चन्द्रपुर नगरपालिकाको सहयोगमा करिब रु सात करोड लागतमा विभिन्न संरचनाहरु बनाइएको छ । भारत तथा नेपालका पर्यटकलाई आकर्षित गर्न पौडी पोखरी, झोलुङ्गे पुल, भ्युटावर र होमस्टेको निर्माण गर्न लागिएको तिलेश्वर महादेश सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष राजु धामीले जानकारी दिनुभयो।

**गोल्मराजा बुद्ध विहार**

रौतहटको अर्को पर्यटकीयस्थल हो गोल्मराजा बुद्ध विहार । चन्द्रपुर नगरपालिका-१ स्थित गैरीगाँउबाट करिब २० मिनेटको उकालो चढेपछि गोल्मा राजाको दरबार रहेको स्थानमा पुगिन्छ। एकजना बौद्ध भिक्षुले सो स्थानको परिचान गरेर गोल्मराजा बुद्ध बिहार निर्माणको अभियान थालेपछि सो स्थान परिचित बन्दै गएको हो । दरबार रहेको स्थानबाट स्थानीयले पुराना पैसा, जाँतो, तरबारलगायतका सामान फेला परेर राखेको चन्द्रपुर-१ का पूर्ववडाध्यक्ष बिरु रखालले बताउनुभयो । गोल्मा राजाको दरबार उत्खनन गरेर सो स्थानको विषयमा पुरातत्व विभागलाई जानकारी गराउने सो दरबार कति पुरानो हो भन्ने विषयमा खोजबिन गर्नुपर्ने उहाँको भनाइ छ।

दरबार रहेको तल्लो भाग टुँडिखेलमा अहिले गोल्मराजा बुद्ध विहार निर्माणको काम अगाडि बढेको छ। थाइल्याण्डका राजाको सहयोगमा सो स्थानमा रु दुई करोड लागतमा बनेको साढे नौ फिटको बुद्ध मूर्ति स्थापना गरेपछि अहिले सो स्थानमा सर्वसाधारणको चहलपहल बढ्न थालेको छ । बौद्धभिक्षु मेधमकरस्थवीर भन्तेको सक्रियतामा सो स्थानमा बौद्ध ध्यान केन्द्रसमेत निर्माणको काम थालनी भएको स्थानीय बासिन्दा गोपाल घिमिरेले जानकारी दिनुभएको छ । सो स्थानबाट रौतहट र सर्लाहीको हराभरा फाँट देख्न सकिन्छ । बौद्धभिक्षु स्थवीर भन्तेले सो स्थानमा बाइसी-चौबिसी राज्य रहेको तत्कालीन समयमा गोल्मा नामका सेन वंशीय राजाको दरबार रहेको बताउँदै सो स्थानलाई धार्मिक पर्यटकीयस्थल बनाउन आफू लागिपरेको बताउनुभयो । दरबार रहेको स्थानमा पुराना इँटा, काटिएका ढुङ्गा यत्रतत्र छरिएर रहेका छन् । सो स्थानलाई जीर्णोद्धार गरेर पर्यटकीयस्थल बनाउन लागिएको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्ले बताउनुहुन्छ।

**शिवनगर मन्दिर**

रौतहटको गरुडा-५ मा रहेको शिवनगरमा रहेको शिव मन्दिरको आफ्नै इतिहास छ। यस मन्दिरमा साउन र भदौ महिनामा भारतबाट भक्तजनहरु पूजा गर्न आउँछन् । शिवनगरको शिव मन्दिर धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गइरहेको छ । यसैगरी रौतहटको मौलापुरमा रहेको पुरातात्विक पतौरा महादेव मन्दिर, दुर्गा भगबती गाउँपालिकामा रहेको दुर्गा भगवतीको मन्दिरलगायतका स्थानहरु पर्यटकहरुको रोजाइमा पर्ने गरेका छन् ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रदेश सरकारको अस्थिरता

मधेश प्रदेश सरकारको अस्थिरताको क्रम रोकिएको छैन । अल्पमतको संरचनामा गठन हुने सरकारको अवस्था सुकेको पीपल पात झैं हुने गरेको छ । लालबाबु राउतको नेतृत्वदेखि सतीशकुमार सिंह सोही चक्रमा छन् । सरकारको आयु दलीय स्वार्थमा निहित हुने गरेको छ । त्यसमा नेतृत्व गर्ने दलका अध्यक्षको हस्तक्षेपकारी भूमिकाले पनि अस्थिरतालाई मलजल प्राप्तको अवस्था नियतिझै. बनेको छ । सरकार प्रदेशको इतिहास , भौगोलिक संरचना , आमजनताको उन्नति , प्रगतिको खाका तयार गरी सञ्चालन गर्नु पर्दछ । मधेशका सन्ततिसँग विभेदको दुर्दान्त गाथा छ , मधेशी समुदायप्रति संघीय भावमा शत्रुवत मनोदशाको अन्य हुन सकेको छैन । त्यसमा पनि मधेशी दलहरुमा क्षणे रुष्टे , क्षणे सन्तुष्टे चरित्रले पनि मधेशी दलका नेतृत्वकर्ताको दृष्टिकोणप्रति विश्वासको अवस्था छैन । यसको प्रतिकूल प्रभाव सरकारको संरचनामा पर्नुलाई अस्वाभाविक मान्न सकिदैन । लालबाबु राउतदेखि सतीशकुमार सिंहको मुख्यमन्त्रीत्वको अवधिले दलका अध्यक्षको हस्तक्षेपबाट मुक्ति पाउन नसकेको अस्थिरताको बीउका रुपमा लिन सकिन्छ । सरकार सञ्चालनका लागि मन्त्री , आयोग , प्रशासन , वित्तीय , विश्वविद्यालय, प्रतिष्ठान , समितिका पदाधिकारी चयनमा अध्यक्षको हस्तक्षेपकारी भूमिकाले सरकारको आयु क्षणिक पार्ने गरिएको छ । मधेश प्रदेश सरकारको नेतृत्व दुई पटक उपेन्द्र यादवको दलले गरिसकेको छ भने वर्तमानमा सीके राउतको दल जनमतको नेतृत्व रहेको छ ।जनमतका अध्यक्ष राउत र उपेन्द्र यादव बीचको राजनीतिक द्वन्द्वले घात प्रतिघातको शिकार सरकार हुने गरेको दृष्टान्त पनि सरकारको सुदृढताको बाधक भएको छ । यस्ता गतिविधिले नत संघीय संरचनाको भविष्यलाई उज्ज्वल हुन सक्छ नत सरकार जनतामूखी हुन सक्छ । विभिन्न दलको साझेदारी गठन भएको सरकारलाई एकल स्वप्न महल बनाउन खोज्नु सरकारलाई दुर्घटित पार्ने वातावरण निर्माण सरह हुन्छ । यी बारे सरकारमा साझेदारी दलका अध्यक्षहरु गम्भीर हुनु पर्छ । मघेश प्रदेशमा अहिले जनमत , नेकपा एमाले , नेपाली कांग्रेस र लोसपाको साझेदारीमा जनमतका सतीशकुमार सिंह मुख्यमन्त्री रहेका छन् । सिंहको कार्य शैलीप्रति साझेदार दलमै सरकार गठनदेखि नै असन्तुष्टि छ । त्यसलाई शमन नगरी जनमतका अध्यक्ष सीके राउतले कांग्रेस र एमाले मधेश सरकारको बाधक भनि सामाजिक सञ्जालमा गरेको टिप्पणीप्रति प्रदेशसभामा कांग्रेस र लोसपाका नेताहरु आपत्ति जनाएका छन् । राउत कहिले सपना , योजनाहरु समाप्त भइसकेको र कहिले सरकारको बाधक एमाले र कांग्रेस भन्नुले मधेश प्रदेशमा जनमत नेतृत्व सरकारलाई अस्थिरताको क्रमलाई वृद्धि गर्नु हो । सरकारको स्थिरताले नै कुनै पनि पद्धति दिगो हुन सक्ने कुरालार्य मनन गर्नु आवश्यक छ ।

# एमपाक्स को कहर



डा.केदार कार्की

मंकीपा'क्स र चेचक अ'र्थोपा'क्सवायरस भनिने भाइरसहरूको समूह हो। तिनीहरू भेरिसेला-जोस्टरको कारणले हुने चिकनपक्ससँग सम्बन्धित छैनन्, तर अर्को भाइरल समूहको भाग हुन्।यसको नामको बावजुद, मोन्कीपक्स भाइरस बाँदरबाट आउँदैन। यद्यपि स्रोत (संक्रमणको स्रोत हो) अज्ञात छ, तर प्रायः पश्चिमी र मध्य अफ्रिकाको वर्षा जंगलहरूमा, सबैभन्दा सम्भावित जनावरको स्रोत साना कृन्तकहरू (उदाहरणका लागि, गिलहरीहरू) हो। मोन्कीपक्स भाइरसबाट लाग्ने रोगलाई सुरुमा "मन्कीपोक्स" पनि भनिन्थ्यो तर नोभेम्बर २०२२ मा विश्व स्वास्थ्य संगठनले भाइरसबाट हुने रोगलाई "एमपा'क्स"" नाम दिएको थियो।

एमपा'क्स मानिसहरु माझ सजिलै फैलिदैन। यो सामान्यतया मम्प्सबाट संक्रमित व्यक्तिसँग लामो समयसम्म शारीरिक वा घनिष्ट सम्पर्कबाट फैलिन्छ, विशेष गरी यदि तिनीहरूको छालामा दागहरू, काटिएका, घाउहरू, वा स्क्याबहरू छन्।यो संक्रमित व्यक्तिले प्रयोग गर्ने लुगा वा वस्तुहरू (ओछ्यान वा तौलिया) सँगको सम्पर्कबाट र श्वासप्रश्वासका थोपाहरू (खोकी र हाच्छिउँ) मार्फत पनि फैलिन सक्छ।यो आकस्मिक सम्पर्क मार्फत फैलिएको छैन।मानिसहरू पहिलो पटक लक्षणहरू देखा परेदेखि नै संक्रामक हुन्छन् र सबै घाउहरू सुकेर खसेर मुनि छालाको नयाँ तह नबन्दासम्म संक्रामक रहन्छन्। एमपा'क्स-संक्रमित व्यक्तिसँग लामो समयसम्म शारीरिक वा घनिष्ट सम्पर्क (छाला-देखि-छाला सम्पर्क) गर्दा जो कोही पनि संक्रमित हुन सक्छ। जोखिममा रहेका समलिङ्गीहरू, उभयलिंगीहरू र अन्य पुरुषहरूसँग यौनसम्पर्क गर्नेहरू, प्रकोपबाट प्रभावित देशहरूमा यात्रा गर्नेहरू र एकभन्दा बढी यौन साझेदार भएकाहरू वा क्याम्पसका ठाउँहरूमा यौनसम्पर्क गर्नेहरू समावेश छन्।

डाक्टरहरूले एमपा'क्स लाई सामान्य छालाको घाउ जस्तो देखिने दाना देखिने कुनै पनि व्यक्तिमा यस्ता लक्षणहरूको सम्भावित कारण मान्छन्। मम्पोक्स सामान्यतया छालाको घाउबाट नमूना लिएर भाइरसको आनुवंशिक सामग्री (डीएनए) को लागि परीक्षण गरेर निदान गरिन्छ।मम्पोक्सको निदान गर्न मानिसहरूलाई आवश्यक पर्ने अन्य परीक्षणहरूमा भाइरस बढ्न (कल्चर) र यसको विश्लेषण गर्न प्रयोगशालामा संक्रमित तन्तुका नमूनाहरू पठाउने समावेश छ; मम्पोक्स भाइरसको एन्टिबडीहरूको लागि रगत परीक्षण; र माइक्रोस्कोप अन्तर्गत संक्रमित तन्तुको नमूना जाँच गर्न समावेश हुन सक्छ।

विश्व स्वास्थ्य संगठन ले अफ्रिकामा एमपा'क्स को महामारीको अवस्था "विशेष गरी चिन्ताजनक" रहेको बताएको छ, प्रजातान्त्रिक गणतन्त्र कङ्गो , बुरुन्डी र युगान्डामा उच्च संख्यामा केसहरू देखिएका छन्।

अफ्रिकामा, १५ डिसेम्बर सम्म २० देशहरूमा १३ ,७६९ पुष्टि भएका घटनाहरू छन्, जसमा ६० जनाको मृत्यु भएको छ, पछिल्लो डब्ल्यूएचओ रिपोर्ट अनुसार। सबैभन्दा नराम्रो प्रभावित देश प्रजातान्त्रिक गणतन्त्र कङ्गो रहेको छ, ९ ,५१३ पुष्टि भएका केसहरू सहित।

जबकि प्रजातान्त्रिक गणतन्त्र कङ्गो, प्रकोपको केन्द्रबिन्दु, भर्खरका हप्ताहरूमा अपेक्षाकृत स्थिर महामारी प्रवृत्ति देखेको छ, डब्ल्यूएचओ ले अझै पनि चेतावनी दियो कि रिपोर्टिङमा सम्भावित ढिलाइलाई ध्यानमा राखेर स्थिरता र तल तर्फको प्रवृत्तिलाई सावधानीपूर्वक व्याख्या गरिनु पर्छ।

पछिल्लो प्रकोपमा थप खतरनाक तर कम बुझिएको भेरियन्ट, क्लेड १ बीको उदय र फैलावट समावेश छ, जुन पहिलो पटक सेप्टेम्बर २०२३ मा प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा पत्ता लगाइएको थियो। यस क्लेड १ बी स्ट्रेनका केसहरू स्वीडेन र थाइल्याण्डलगायत धेरै देशहरूमा रिपोर्ट गरिएका छन्।

"क्लैड १ बी एमपीओएक्सको भौगोलिक विस्तार प्रजातान्त्रिक गणतन्त्र कङ्गो बाहिर रिपोर्ट गरिएको छ," डब्ल्यूएचओले भन्यो, अफ्रिका बाहिरका आठ देशहरूले तनाव पत्ता लगाएका छन्।

एमपा'क्स भाइरसको कारणले हुने भाइरल रोग हो, जसमा क्लेड १ बी और क्लैड २ बी लगायतका दुईवटा क्लेडहरू हुन्छन् र यो संक्रामक व्यक्ति, दूषित सामग्री वा संक्रमित जनावरहरूसँगको शारीरिक सम्पर्कबाट मानिसमा फैलिन सक्छ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गो मा ६०० भन्दा बढी मानिसको ज्यान लिने कथित रूपमा कथित रूपमा एमपा'क्स (पहिले मन्कीपक्स भनेर चिनिने) को नयाँ प्रकोपसँग विश्वले लडिरहेको छ, भारतमा स्वास्थ्य सुरक्षा र आपूर्ति भ्याक्सिनहरू सुदृढ पार्न भ्याक्सिन उत्पादनको तत्काल आवश्यकता छ। अफ्रिकी महाद्वीपमा। अफ्रिकामा १७ ,००० भन्दा बढी एमपा'क्स मामिलाहरू रिपोर्ट गरिएको छ, जबकि केही घटनाहरू स्वीडेन, पाकिस्तान, फिलिपिन्स र थाइल्याण्डमा पनि पहिचान गरिएको छ।



अगस्टको अन्त्यमा, विश्व स्वास्थ्य संगठन ले बिना कुनै हिचकिचाहट एमपा'क्सलाई अन्तर्राष्ट्रिय चिन्ताको सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गर्‍यो। यो दुई वर्षमा दोस्रो पटक भयो। यो २०१४ र २०१८ मा इबोला प्रकोपको समयमा डब्लुएचओ को प्रतिक्रियाबाट एक प्रस्थान थियो। डब्लुएचओको घोषणासँगै यो रोगलाई लिएर विश्वभर चिन्ता छाएको छ । एमपा'क्स एक आत्म-सीमित भाइरल संक्रमण हो जसले कुपोषित बच्चाहरू, गर्भवती महिलाहरू र कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सहित जनसंख्याको निश्चित समूहहरूमा समस्याहरू निम्त्याउन सक्छ। यसको संक्रमण यौन सम्पर्क, संक्रमित व्यक्तिको छाला र दूषित सतहहरूसँगको सम्पर्क र ठाडो प्रसारण अर्थात् आमाबाट बच्चामा हुन्छ। एपिडेमियोलोजिकल डेटामा आधारित हालको प्रकोपको सन्दर्भमा चिन्ताजनक बिन्दु विशेष गरी बालबालिकाहरूमा बिरामी व्यक्तिहरूको बढ्दो संख्या हो। यसबाहेक धेरै प्रकारको उपस्थिति, रोगको गम्भीरता र सीमित भ्याक्सिन आपूर्तिका साथै संक्रमण दर उच्च हुने सम्भावना पनि चिन्ताको विषय हो।

हाल तीनवटा एमपा'क्स महामारीहरू एकैसाथ फैलिरहेका छन् र प्रत्येक महामारीको फरक भाइरल संस्करण छ। क्लेड यल ए स्ट्रेनका केसहरू धेरै वर्षदेखि प्रजातान्त्रिक गणतन्त्र कङ्गो मा बढ्दै गएका छन् र यसले प्रायः बच्चाहरूलाई असर गर्छ। अफ्रिका र नाइजेरियाका विभिन्न क्षेत्रहरूमा क्रमशः क्लेड आईबी र क्लेड क्ष्क्ष स्ट्रेनका केसहरू नजिकको सम्पर्क र अस्वच्छ अवस्थाहरूमा यौन सम्पर्कबाट फैलिएको पाइएको छ। डीआरसी र नाइजीरिया को हालको तथ्याङ्कले क्लैड १ बाट मृत्युदर लगभग १० प्रतिशत रहेको छ भने जबकि क्लैड क्ष्क्ष बाट३ .६ प्रतिशत रहेको छ। यद्यपि, अनुसन्धानकर्ताहरूले दाबी गर्छन् कि कुन संस्करण बढी खतरनाक छ भनेर निर्धारण गर्न पर्याप्त डेटा छैन किनभने स्वास्थ्य परिणामहरू पहिलेको स्वास्थ्य अवस्था र स्वास्थ्य सेवाहरूको गुणस्तरमा निर्भर हुन्छन्।

यो स्पष्ट छैन कि रोगको गम्भीरतामा भिन्नता विभिन्न प्रकारको तीव्रता वा संक्रमणको मार्गको कारण हो। अर्को चिन्ताजनक प्रवृत्ति यो हो कि यस वर्ष प्रजातान्त्रिक गणतन्त्र कङ्गो को एमपा'क्स मामिलाहरू मध्ये झण्डै आधाले बालबालिकालाई असर गरेको छ र विश्वव्यापी रूपमा यस रोगबाट हुने मृत्युमध्ये कम्तीमा पनि ४६३ बालबालिका थिए। बालबालिकामा संक्रमणको एउटा सम्भावित कारण पूर्व-अवस्थित पोषणको कमी वा कमजोर प्रतिरोधात्मक क्षमता हो। बालबालिकाको यो अवस्थाको कारण उनीहरुको द्वन्द्वग्रस्त क्षेत्रमा हुर्काउनु र विस्थापित हुनु हो । तिनीहरू पहिले नै कुपोषण र पोलियो र हैजा जस्ता अन्य रोगहरूको खतराको सामना गरिरहेका छन्।

महामारीको प्रकोपको बढ्दो घटनाहरूको लागि जिम्मेवार एउटा कारण जुनोटिक (जन्तुबाट फैलिने रोग) फैलिने घटना हो। एमपा'क्सको आश्रयदाता होस्ट अज्ञात छ तर मुसा (मुसा, गिलहरी, आदि) हुन सक्छ र जनावर देखि मानिस सम्म धेरै होस्टहरू छन्। बढ्दो सहरीकरण, जनसंख्या बृद्धि, र जंगली जनावरको मासुको उपभोगले मानिसहरूलाई कतर्ने जनावरहरूको नजिक ल्याउँछ, जुन जुनोटिक फैलाउने घटनाहरू निम्त्याउँछ। एमपा'क्स को पुनरावर्ती प्रकोपहरूले जुनोटिक प्रकोपका चालकहरूलाई सम्बोधन गर्ने उद्देश्यले स्वास्थ्य सुरक्षा पहलहरू र संक्रामक रोगहरू विरुद्ध लड्न "एक स्वास्थ्य" दृष्टिकोणको आवश्यकतालाई हाइलाइट गर्दछ।

थप रूपमा, एमपोक्सको आवधिक प्रकोपको उदयलाई बिफर विरुद्धको प्रतिरोधात्मक क्षमतामा कमीसँग जोडिएको छ। स्मलपक्स भाइरसमा एमपोक्सजस्तै आणविक विशेषताहरू छन्। बिफर विरुद्धको खोपले बिफर विरुद्ध केही हदसम्म प्रतिरक्षा सुरक्षा प्रदान गर्दछ। अन्वेषकहरूको अनुमान छ कि १९८० को दशकमा बिफर विरुद्धको खोप अभियानहरू रोकिएपछि, जनसंख्याको ठूलो भागसँग अब स्मरपक्स (र एमपा'क्स) विरुद्ध प्रतिरक्षा सुरक्षा छैन र यसरी बथानको प्रतिरोधात्मक क्षमतामा गिरावट आएको छ। तदनुसार, हाल नियामक एजेन्सीहरू द्वारा अनुमोदित एमपा'क्सखोपहरू - जेवाई एन एन ई ओ यस , ए सि ए एम २०० र यल सि १६ - सुरुमा बिफरको लागि विकास गरिएको थियो। जेवाई एन एन ई ओ यस , ए सि ए एम २०० सुरक्षित तेस्रो पुस्ताका खोपहरू मानिन्छन् जसले एमपा'क्स विरुद्ध सुरक्षात्मक प्रतिरक्षा प्रतिक्रियाहरू उत्पन्न गर्दछ। यी डब्ल्यूएचओ द्वारा आपतकालीन अवस्थामा प्रयोग गरिएको रूपमा वर्गीकृत गरिएको छ। डब्ल्यूएचओ ले एमपा'क्स विरुद्ध लड्न लक्ष्य-आधारित खोप रणनीति सिफारिस गरेको छ। यसअन्तर्गत सबैभन्दा बढी जोखिममा रहेका वा रोग लाग्ने उच्च जोखिममा रहेकाहरूलाई खोप लगाउनु पर्छ।

एमपा'क्स विरुद्धको खोप एक प्रभावकारी रोकथाम उपाय हो। गम्भीर रूपमा बिरामी पर्नबाट उत्तम सुरक्षाको लागि दुई खुराकहरू आवश्यक पर्दछ। कुनै पनि खोप शतप्रतिशत प्रभावकारी हुँदैन, र खोप लगाएका मानिसहरूमा पनि संक्रमण हुन सक्छ।संदिग्ध वा पुष्टि भएकोएमपा'क्स-संक्रमित व्यक्तिहरूसँगको सम्पर्कबाट टाढा रहनुहोस्। यसमा ओछ्यान वा तौलिया जस्ता सम्भावित दूषित सामग्रीहरूसँगको सम्पर्क पनि समावेश छ।तपाईंसँग भएका यौन साझेदारहरूको संख्या सीमित गर्ने विचार गर्नुहोस् र तिनीहरूको सम्पर्क विवरणहरू हातमा राख्नुहोस्। चिकनपक्सको प्रकोप भएका देशहरूबाट फर्केपछि यौन साझेदारहरूलाई तीन हप्ताको लागि सीमित गर्ने विचार गर्नुहोस्।राम्रो स्वच्छता कायम राख्नुहोस्, जस्तै साबुन र पानीले हात धुने वा अल्कोहल-आधारित सेनिटाइजरहरू प्रयोग गर्ने।यदि तपाईंलाई खोप लगाइएको छैन, वा केवल एक खुराक लिइएको छ र एमपा'क्सभएको कसैको सम्पर्कमा आएको छ भने, खोप लगाउँदा (विशेष गरी एक्सपोजरको चार दिन भित्र) तपाइँको एमपा'क्स को जोखिम कम हुन सक्छ।

एमपीओएक्स को उपचार प्रायः लक्षणहरू कम गर्न निर्देशित हुन्छ। एमपा'क्स भाइरस संक्रमणको लागि कुनै प्रमाणित, सुरक्षित उपचार छैन। एन्टिभाइरल औषधिहरू टेकोभिरिमेट, सिडोफोभिर, वा ब्रिन्सिडोफोभिर उपयोगी हुन सक्छन्, तर तिनीहरू एमपा'क्स को उपचारको रूपमा अध्ययन गरिएको छैन।

खोपको स्थिर आपूर्ति उपलब्ध नभएसम्म संक्रमण रोक्न र एमपक्सको फैलावटलाई नियन्त्रण गर्न स्मार्ट स्वास्थ्य बानी अपनाउन मानिसहरूलाई आग्रह गरिएको छ। यसबाहेक, सम्भावित रूपमा भिन्न गम्भीरता र बच्चाहरूको लागि ठूलो जोखिमको साथ भाइरसको धेरै प्रकारका कारणहरू, बायोसेक्युरिटी फ्रेमवर्कहरूले निगरानी र ट्रेसिङको महत्त्वलाई विचार गर्न आवश्यक छ जसले पछिको प्रकोप पत्ता लगाउन र महामारी विज्ञानसँग सम्बन्धित अध्ययन गर्न मद्दत गर्नेछ।

यो मन्कीपक्स भाइरसबाट हुने भाइरल संक्रमण हो। लक्षणहरूलाई बेवास्ता नगर्नुहोस् र आफू र अरूलाई सुरक्षित राख्न उपयुक्त कदमहरू चाल्नुहोस्। यदि लक्षणहरू देखा पर्छन् वा तपाईं पुष्टि भएको केसको सम्पर्कमा आउनुभयो भने, तुरुन्तै आफ्नो स्वास्थ्य सुविधा संस्था लाई सम्पर्क गर्नुहोस् र शंकास्पद केसहरू रिपोर्ट गर्नुहोस्।

# आज उद्योगी व्यवसायी किन निरास छन्?

हरि गौतम

मुलुक अहिले आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । मुलुकको राजस्व लक्ष्य अनुसार उठेको छैन । चालुखर्च अत्यधिक वृद्धि भएको छ । वित्तीय व्यवस्थापन खर्च बढ्दो छ । पूँजीगत खर्च घटेको छ । सम्पूर्ण बजेटको १७ प्रतिशत छुट्याइएको पूँजीगत खर्चमा पनि गत वर्ष ५६ प्रतिशत मात्र खर्च भयो र त्यसमा पनि आधा जसो असारे विकासमा । असारे विकास भनेको स्थायी काम हुनेभन्दा पनि स्रेस्ता मिलाएर भ्रष्टाचार गर्नुलाई बुझिन्छ ।

राजनैतिक रुपमा त हामी कहिले संवैधानिक राजतन्त्र भनौला, कहिले सङ्घीय गणतन्त्र अझ जनतालाई अलमल्याउन संविधान संशोधन गरौला । भविष्यमा राम राज्यकोस्थापना गर्ने भाषण गरौला । तर आर्थिक रुपमा मुलुक असफल राज्य तर्फ गयोभने कुनैवाद वा सिद्धान्तले पनि मुलुकलाई असफल राज्य हुनबाट रोक्न सकिँदैन र राज्य आर्थिक अराजकता तर्फ जानेछ । यस्तो संवेदनशील विषयबाट पार पाउन जिम्मेवार राजनैतिक दलले सोच्नु पर्ने हो तर हाम्रो राजनैतिक नेतृत्व अझसम्म गम्भीर भएको आभाष हुन सकेको छैन । अहिले उद्योग व्यवसाय विशेष गरेर सिमा क्षेत्र अर्थतन्त्र, उत्पादनमुलक उद्योग, निर्माण सम्बन्धी उद्योग र व्यवसाय नकारात्मक अवस्थामा छन्।

सिमा क्षेत्र वारी (अर्थात् नेपाल तर्फ) का व्यवसायीहरु प्रायः सुनसानको अवस्थामा छन् । सिमापारी सामान किन्ने नेपालीको थामी नसक्नु भिड छ । वारी पट्टि घर बहालमा लिने व्यवसायी पनि पाइन छाडे, त्यस्तै निर्माण सम्बन्धी उद्योगको हालत पनि राम्रो छैन । ३०-३५ प्रतिशत क्षमतामा सञ्चालन गरिरहेका छन् । अझ निर्माण व्यवसायीको अवस्था त अझ खराब छ । कतिपय व्यवसायीहरु कालोसूचीमा परेका छन्। कतिपयको घरखेत लिलामीमा छ । सबैले आफ्नो कारोबार घटाएर भएको जग्गा, सुन, शेयर वा अन्य सम्पत्ति बेचेर बैंकको ऋण तिर्न खोजिरहेका छन् । तैपनि उनीहरु समस्याग्रस्त छन्। आफूले काम गरेको रकम राज्यबाट पाउनुपर्नेमा पनि सो पाइरहेका छैनन्। समग्रमा आज मुलुकमा उद्योगी व्यवसायीहरुमा आएको चरम निरासाले गर्दा उनीहरु आफ्नो कारोबार घटाइरहेका छन्। जसले राजस्वमा प्रत्यक्ष असर परेको छ । अब हेरौं न त सिमा क्षेत्रको व्यवसायीहरुको समस्या के हो त ? म वीरगञ्जमा बस्छु । वीरगञ्जको व्यापारको राम्रो जानकार छु ।

यहाँ औपचारिक कारोबारभन्दा अनौपचारिक कारोबारको बढी बोलबाला छ । यहाँका पसलहरु सधैं खाली र सिमा पारी भरि भराउ छन्। यो वीरगञ्ज मात्रको समस्या होइन । सम्पूर्ण सिमा क्षेत्रको समस्या मिल्दो जुल्दो छ । अब प्रश्न उठ्छ । एक व्यवसायी राज्यलाई कर तिर्न छोडेर गर्व साथ म औपचारिक कारोकारको पक्षपाती हुँ, म २ नं. काम गर्दिन भनि स्वाभिमान साथ काम गर्न छोडेर किन अवैध कारोबार अर्थात् अनौपचारिक कारोबार गर्छ त ? यसमा उ कति जिम्मेवार छ ? र राज्यका अन्य निकायहरु कति जिम्मेवार छन्? गम्भीर समिक्षाको विषय हो ।

सिमा क्षेत्रमा अवैध कारोबार हुनुमा सबैभन्दा पहिले त सरकार दोषी देखिन्छ । कारण सिमा पारी सस्तो, सिमा वारी महँगो सामान भयो भने स्वतः सिमा पारी उपभोक्ताको भिड हुनु स्वभाविक नै हो । अनौपचारिक कारोबार फस्टाउँछ । अब राज्यले भंसार लगाउँदा सिमा क्षेत्रको बजारको परल मूल्य के छ ? त्यस्तो सामानमा भारत सरकारले कति प्रतिशत न्क्त लगाएको छ । सिमा पारीबाट सिमा वारिसम्म चोरी पैठारी गर्दा लाग्ने क्यारिइङ्ग कष्ट के हो ? यी सबै हेरी त्यस्तो सामानमा भंसार एवम् भ्याट लगाई पारीको मूल्य बराबर सिमा वारी सामान आउने व्यवस्था गर्‍यो भने चोरी पैठारी निरुत्साहित हुन्छ । वैध बाटोबाट सिमा पारीकै दरमा सामान आउने हो भने कुनैपनि व्यक्ति अवैध कारोबार गर्दैन । हो, यो एक कठोर सुधारात्मक कार्य हो जसको रिजल्ट के आउँछ ? भन्ने सरकारलाई लाग्न सक्छ । वीरगञ्ज उद्योग वाणिज्य सङ्घले पटक पटक राज्यका उच्च पदस्थ कर्मचारी र अर्थमन्त्री समेतलाई एक पटक हामीले भारतबाट सबैभन्दा बढी आयात हुने ५० देखि १०० वस्तुको पहिचान गरौं, त्यसमा भारतमा लाग्ने GST (जो नेपाल सामान आयात गर्दा लाग्दैन) र क्यारिइङ्ग चार्ज जोडौं र हामीले लगाएको भंसार र भ्याटसँग तुलाना गरेर कर लगाऔं । साधारण तया अवैधबाट सामान ल्याउँदा १० देखि १४ प्रतिशत सम्म क्यारिइङ्ग चार्ज लाग्छ । तुलनात्मक रुपमा यससँग मिल्दोजुल्दोभंसार दर कायम गरौं, यसो गर्दा अनौपचारिक कारोबार कम हुनेछ ।

सबै सामान औपचारिक तवरबाट आउने भएकोले अपेक्षित राजस्व बढ्छ । विस्तारै अवैध कारोबार गर्ने व्यक्ति, समूह वा कारोबारीहरु घट्दै जान्छन् मुलुक सही गतिमा जान्छ । यसमा भुल्न नहुने कुरा के छ भने पुस्तौदेखि सिमा क्षेत्रमा अवैध सामान ओसार पसार गर्ने भुईंमान्छेको जीवनस्तर उकास्न, नयाँ रोजगारी सृजना गर्न, शिक्षा र स्वास्थ्यकोगुणस्तर सुधार गर्न स्थानीय निकाय मार्फत्सरकारलेविशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । अब सिमा क्षेत्रबाट वैध बाटोबाट सामान त भित्रयायौं । त्यस पछि हाम्रो प्रशासनिक झन्झट, सुशासनको कमी, भ्रष्टाचार, ढिलासुस्तीले व्यवसायीहरु हैरान छन् । त्यसलाई सरकारले कठोरतापूर्वक सुधार गर्नुपर्छ । अब हेरौं, सो सामान वैध बाटोबाट नेपाल आयोरे । शुरु हुन्छ भंसारको नाटक, सर्वप्रथम त भंसारले यो सामानको हार्मोनिक कोड मिलेन, मूल्यांकन मिलेन, खाद्य प्रविधि विभागको सिफारिस भएन आदि अनेकौं बहाना गरी भंसारमा गाडी खडा गर्छ । त्यहीबाट व्यवसायीको ड्यामरेजको सुई घुम्न थाल्यो, रातको निद हराम भयो । भोलि भंसारले के गर्ने हो, कति भंसार लगाउने हो, के कस्तो झमेला व्यहोर्नु पर्ने हो, व्यवसायीहरु चिन्तित हुन्छन् । अझ बढ्दो भ्रष्टाचार र सुशासनको कमीले त त्यहाँ भित्र हुने अदृष्य लेनदेनको विषय छुट्टै छ । सबै झमेला पार गरी भंसारबाट सामान छोडायो, अब प्रहरी डण्डा लिएर भंसार प्रज्ञापन पत्र चेक गर्ने बहानामा सडकमा बस्छ, त्यसको कष्ट छुट्टैछ । बल्ल बल्ल सामान पसलमा पुर्‍यो, आयातित सामानको मूल्य धेरै बढि सकेको हुनेछ । यति गरेर आयातित सामान बेच्यो, भ्याट, आयकर तिर्‍यो, अब उसको फाइल फुल अडिटमा पर्‍यो भने त यसले बाउ दादालाई झलझल्ती देख्न थाल्छ । त्यहाँको बार्गेनिङ्ग त गरुड पुराणमा कृया बसेको एक अबोध छोरालाई तेरो बाबुले नर्कमा दुध खान पाएन सबैभन्दा दुधालु गाई दान गरिनस् भने तेरो बाबुलाई यमराजले तातो तेलमा डुबाउँछ भनेजस्तै कुरा त्यहाँ हुन्छ । के गर्नु व्यवसायी फसेको छ । उसले वैध कारोबार गरी हाल्यो त्यो सहनु पर्छ । अब अर्को पाटोतर्फ हेरौं ।

सिमा क्षेत्रका हरेक पसलमा अनौपचारिक कारोबारको लागि सामान क्यारिइङ्ग गर्न तयार व्यक्ति हरेक दिन सामानको अर्डर लिन पसलमा आउँछ, उ भरपर्दो छ । समयमा सामान आउँछ । भ्याट भंसार केही तिर्नु पर्दैन, सिमा क्षेत्रमा लाग्ने न्क्त र क्यारिइङ्ग चार्ज तिरे पछि सामान आउँछ । न त हिसाब राख्नुपर्छ । न आयकर नै बुझाउनुपर्छ । अब यो व्यापारीले सही कारोबार गर्न खोज्दा खोज्दै पनि उसले सकेन । एक उपभोक्ताले आफूलाई आवश्यक पर्ने सामान सस्तो दरमा खरिद गर्न खोज्न उसको अधिकार भए जस्तै एक व्यवसायीले सहज रुपमा सामान प्राप्त गर्नु, बिक्री गर्नु र कर फरफारक गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । राज्यको कर्तव्य सिमा क्षेत्रको बजार अध्ययन गरी त्यही अनुरुप भंसार, भ्याट लगाउनु हो । अब उद्योग तर्फको अवस्था हेरौं त । नेपालको अर्थतन्त्र सुधार गर्न लघु, घरेलु तथा मझौला उद्योगको विकास हुनैपर्छ । तर एक उद्योग स्थापना गर्न उद्योग दर्तादेखि नै समस्या छ । पहिलो त उद्योग दर्ता गर्न १० निकायमा धाउनु पर्छ ।

सरकारका निकाय बीच समन्वय छैन । स्थानीय निकाय अहिले"छोटेराजा" को रुपमा विकसित भएका छन्। चार किल्ला सिफारिसमा समस्या, उद्योगको लागि खरिद गरिने जग्गामा समस्या, स्थानीय निकायमा महँगो राजस्व तिरी दोहोरो दर्ता गर्नु पर्ने समस्या, टोले गुण्डाको समस्या, उद्योगको सम्पत्ति करको समस्या, बल्ल बल खोलाको डिलमा उद्योग स्थापना गरी सामान उत्पादन गर्‍यो, बजारमा उधारोको समस्या, बेला बेलामा बैंकको समस्या, राष्ट्र बैंकको फरक फरक परिपत्रका कारणबाट उब्जिएको समस्या, कति होकति समस्या छन्। मुलुकमा एक भरपर्दो औद्योगिक क्षेत्र छैन । दीर्घकालीन औद्योगिक नीति छैन । मन्त्री पिच्छे आर्थिक नीति फेरिन्छ । सरकार अस्थिर छ । राज्यको उद्योगीलाई हेर्ने नजर ठीक छैन । मुलुक माफिया भुईफुट्टा वर्गले क्याप्चर गरिसकेको आभास हुन्छ । अझ समाज अराजक तर्फ उन्मुख छ । कुनै एक व्यक्ति चर्को स्वरमा अमुक समूहलाई उद्योग व्यवसायबाट खेदौ भन्छ । बैंकको ऋण नतिरौं भन्छ । सरकार टुलुटुलुहेरी रहने । यस्तो अवस्थामा उद्योगीले कुन उत्साहका साथ उद्योग गर्ने । उसले उद्योग गर्नुभन्दा आफ्नो काम समेटेर सानोगर्ने, बैंककोऋण कम गर्ने, अलिकति पैसा बैंककोमुद्दती खातामा राखेर त्यसको ब्याजबाट घर चलाउनेर पर्ख र हेरको अवस्थामा रहेका छन्। (स्तम्भकार वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हुन्।

# अर्थमन्त्रीसँग विस्तारित कर्जा सुविधाबारे अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारीहरूको छलफल

काठमाण्डु । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (इक्सटेन्डेड क्रेडिट फेसिलिटी-ईसिएफ) को समीक्षा गर्न आईएमएफ टोलीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग शिष्टाचार भेट गरेको छ ।

आईएमएफको समीक्षा टोलीका प्रमुख सर्वत जहान नेतृत्वको प्रतिनिधिमण्डलसँग आफ्नै कार्यकक्षमा भएको भेटमा अर्थमन्त्री पौडेलले पछिल्लो समय देशको अर्थतन्त्रमा सुधार देखिएको र सुधारका भावी कामले थप सकारात्मक परिणाम ल्याउने विश्वास व्यक्त गर्नुभएको मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।

उहाँले आर्थिक चुनौतीलाई कानुनी, नीतिगत, र संवादात्मक माध्यमबाट सम्बोधन गर्न सरकार तयार रहेको र सुधारका लागि विशेष ध्यान दिइरहेको जानकारी गराउनुभयो । अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझावलाई मुलुकको राष्ट्रिय सन्दर्भ र आवश्यकताका आधारमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।


आईएमएफको पाँचौं समीक्षा कार्यक्रमलाई देशका लागि महत्वपूर्ण भएको बताउँदै अर्थमन्त्री पौडेलले आर्थिक सुधारका बारेमा उठेका विषयमा थप संवाद गर्न टोलीलाई आग्रह गर्नुभयो । उहाँले आर्थिक समस्या समाधान गर्न सरकार नीतिगत तथा संरचनागत सुधारमा केन्द्रित रहेको स्पष्ट गर्नुभयो ।

अर्थमन्त्रीको निजी सचिवालयका अनुसार उहाँले नीतिगत सुधारबाट दीर्घकालीन रुपमा अर्थतन्त्रलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुने धारणा व्यक्त गर्नुभयो । सरकारले सुधार कार्यक्रममा अन्तर्राष्ट्रिय विकास साझेदारबाट प्राप्त सुझाव र सहयोगलाई स्वागत गर्दै त्यसलाई देशको आवश्यकताअनुसार कार्यान्वयन गरिने बताउनुभयो ।

आईएमएफ टोलीले विगतमा भएका सुधारका कार्यक्रमको प्रभावको समीक्षा गरिरहेको र भावी सुधारका लागि गृहकार्यमा भइरहेको जानकारी दिएको थियो । मुलुकको आर्थिक विकासका नीति एवं रणनीतिक योजनालाई समयानुकूल बनाउन तथा विगतका सुधार प्रयासबाट भएको प्रगतिको समीक्षा गर्ने सिलसिलामा टोली यहाँ आएको हो ।

विदेशी मुद्रा सञ्चिती घटेर भुक्तानी सन्तुलन निकै कमजोर भएपछि सन् २०२२ को जनवरीमा ३७ करोड १६ लाख अमेरिकी डलर बराबरको इसिएफ लिइएको थियो । त्यसबेला आईएमएफमार्फत पाउने 'स्पेसल ड्रइङ राईट' कोटाको एक सय ८० प्रतिशतसम्म पुग्नेगरी इसीएफ लिएको थियो ।

विगतका समीक्षामा आईएमएफले देशको राजनीतिक अस्थिरता, पुँजीगत खर्चको न्यून कार्यान्वयन र बैंकिङ जोखिमलाई मुख्य चुनौतीका रुपमा औँल्याएको थियो । साथै वित्तीय प्रणाली सुदृढ गर्दै सम्पत्ति शुद्धीकरण रोकथामका लागि गम्भीर हुन पनि सुझाव दिएको थियो । अर्थतन्त्रको दीर्घकालीन स्थायित्वका लागि पूँजीगत खर्च बढाउँदै वित्तीय अनुशासन अपरिहार्य भएकामा जोड दिइएको थियो ।रासस



# आयोगले सरकारलाई बुझायो तीनवर्षभित्र गर्नैपर्ने कामको प्रतिवेदन

काठमाण्डु । मुलुकको अर्थतन्त्रलाई परिवर्तित समयअनुसार गतिशील बनाउँदै सही मार्गमा अघिबढाउने उद्देश्यले गठित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष आफ्नो अन्तरिम प्रतिवेदन प्रस्तुत गरेको छ ।

पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा गठित आयोगले अर्थतन्त्र सुधारका लागि सरकारले तत्काल र दीर्घकालमा गर्नुपर्ने कामसहितका सुझाव समेटेर बुधबार अपराह्न मन्त्री पौडेलसमक्ष प्रतिवेदन प्रस्तुत गरेको हो ।

"अर्थतन्त्र सुधारका लागि तत्काल र तीन वर्षभित्रमा गर्नुपर्ने कामबारे दुईवटा खण्डमा सुझाव दिएका छौं ।", अध्यक्ष खनालले प्रतिवेदन बुझाएपछि रासससँग भन्नुभयो, "वर्तमान अर्थतन्त्रको वस्तुस्थितिको समीक्षा, समस्याका कारण पहिचान र त्यसको निदानका लागि सरकारले माघ मसान्तभित्रमा गर्नुपर्ने काम सिफारिस गरेका छौं ।"

व्यावसायिक क्षेत्रका समस्या समाधानका निम्ति गर्नुपर्ने कानुनी सुधारबारे सुझाव दिइएको जानकारी दिँदै उहाँले "एउटा नयाँ कानुन आवश्यक भनेर मस्यौदासहित बुझाएका छौं । दुई तीन वटा कानुन खारेज गर्नुपर्ने, केही संस्थाको संरचना परिवर्तन गर्नेलगायत नीतिगत विषय प्रतिवेदनमा समेटिएका छन्", उहाँले भन्नुभयो ।

प्रतिवेदनमा अर्थतन्त्रलाई चलायमान गराउन तत्काल गर्नुपर्ने विषयहरु उल्लेख गरिएको, सरकारी दायित्व र



बक्यौता भुक्तानी, समस्यामा परेका वित्तीय क्षेत्रका वास्तविक ऋणीलाई सहजीकरण गर्ने, व्यापारिक उधारो नियमन गर्न कानुन निर्माण गर्नुपर्नेमा जोड दिइएको उहाँले बताउनुभयो ।

यसैगरी, समस्याग्रस्त सहकारीका विषयको सम्बोधन, चालू पूँजीगत खर्च वृद्धि , जाजरकोट भूकम्पलगायत विपद्बाट भत्केका भौतिक पूर्वाधारको पुनर्निर्माण, विकास आयोजनाका लागि सरकारले जग्गा प्राप्तिको कारबाही चलाएको वा प्रक्रिया टुङ्गो लागेका जग्गाको शीघ्र मुआब्जा वितरण तथा स्थलमार्गबाट आउने भारतीय पर्यटकलाई सहजीकरण गर्न सुझाव दिइएको छ ।

चालु आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न परियोजनाहरुको प्राथमिकताका साथ भुक्तानी, बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व बजेट उपलब्ध हुनसक्ने भएमात्र अर्को वर्षको बजेटमा राख्न सुझाव दिइएको छ ।

सरकारले विभिन्न क्षेत्रमा प्रदान गरेको अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा स्रोतको उपलब्धतालाई दृष्टिगत गरी र सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्न सुझाइएको छ । स्वास्थ्य बिमाको प्रिमियम बढाउने र पेको अनुपात बढाउन सुझाव छ ।

कोरोनो महामारी अगाडिको अवस्थामा रहेको व्यवसाय हाल समस्याग्रस्त भएकाले भविष्यमा सुधार हुने अवस्था रहेमा उद्योगको प्रकृतिअनुसार एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिने, घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक-निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न कानुन जारी गर्न आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ ।

प्रतिवेदनमा सहकारीका समस्या समाधान गर्न बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी नहुने गरी कानुनी व्यवस्था गर्ने, सहकारी संस्थाले कम्पनीलाई वा कुनै सङ्गठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने, बचत तथा ऋण सहकारी संस्थामा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमाको कानुनी व्यवस्था गर्ने, तत्कालका लागि एकै व्यक्तिलाई एउटा वा एकभन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल शेयर पूँजीको दश प्रतिश भन्दा बढी हुन नदिने व्यवस्था गर्नुपर्नेमा जोड दिइएको छ ।

आयोगले चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न रु दश करोडभन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्या समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्नेलगायतका सुझाव दिएको छ ।

मन्त्रिपरिषद्को गत असोज २१ गतेको बैठकले राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल सदस्य रहेको आयोग गठन गरेको थियो ।रासस

# मुख्यमन्त्रीसमक्ष कार्यदलद्वारा प्रतिवेदन प्रस्तुत



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानुन निर्माण प्रतिवेदनलाई गम्भीर रूपमा अध्ययन गरी कार्यान्वयन गरिने बताउनुभएको छ ।

प्रदेश सरकारले गठन गरेको सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानुन निर्माणसम्बन्धी अध्ययन कार्यदलले तयार पारेको प्रतिवेदन बुझ्दै उहाँले आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई आगामी २१ दिनभित्र अध्ययन गरी आवश्यक सुझाव लिखित रूपमा बुझाउन समेत निर्देशन दिनुभयो ।

मुख्यमन्त्री कार्कीले प्रतिवेदनमा औँल्याएका कानुन निर्माण, संशोधन र साझा र एकल अधिकार, मन्त्रालयको कानुन निर्माण, नियमावलीसम्बन्धी सुझाव दिनसमेत आन्तरिक मामिला मन्त्रालयलाई निर्देशन दिनुभयो । उहाँले प्रतिवेदन प्रदेश संरचनासहित सङ्घीय र स्थानीय सरकारका लागि मार्गदर्शन हुने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले भन्नुभयो, "मुलुकमा राजनीतिक स्थायित्वको चरण शुरू भएकोमा खुशी छु , प्रदेशको आगामी हिउँदे अधिवेशनमा विधेयक, ऐन निर्माण, संशोधनलगायत थुप्रै विजनेश प्रदेशसभाले प्राप्त गर्ने तयारी सरकारले गरेको छ ।" उहाँले प्राप्त प्रतिवेदन आगामी २१ दिनपछि सार्वजनिक गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

प्रदेश सरकारले विसं २०८१ वैशाख २७ गते चुडामणि आचार्यको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको थियो ।रासस

# विद्युत् उत्पादनमा लगानी गर्न निजी क्षेत्रलाई ऊर्जामन्त्री खड्काको आग्रह

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उत्पादित ऊर्जाको बजार सुनिश्चित भएकाले विद्युत् क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आग्रह गर्नुभएको छ ।

विद्युत् नियमन आयोगबाट हुने कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउने उद्देश्यले आयोगद्वारा निर्माण गरिएको 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम' को बुधबार शुभारम्भ गर्दै मन्त्री खड्काले उत्पादित विद्युत् बजारीकरणको समस्या नरहेकाले ऊर्जा क्षेत्रमा लगानी गर्न सबैलाई आग्रह गर्नुभयो ।



ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको भन्दै उक्त लक्ष्य पूरा गर्न यस्ता प्रविधिले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । विद्युत् उत्पादनमा देखिएका समस्यालाई विस्तारै सरकारले सहजीकरण गर्दै लैजाने उहाँको भनाइ छ ।

मन्त्री खड्काले मुलुकको विकासको प्रमुख आधार ऊर्जा क्षेत्र भएकाले यसको विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो । "स्रोतमाथिको अधिकार सबैको बराबर हुन्छ, जलविद्युत्मार्फत सरकारले गरिब तथा विपन्न परिवारलाई न्यूनतम दुई लाखदेखि अधिकतम पाँच लाखसम्मको शेयर दिएर न्यून आय भएका नागरिकको आर्थिकस्तर उकास्न खोजेको छ", उहाँले भन्नुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले ऊर्जा विकासका लागि सरकारले राखेको लक्ष्य पूरा गर्न आयोगको जिम्मेवारी महत्वपूर्ण रहने बताउनुभयो । "बढी सेवाग्राही आउने कार्यालयमा अनलाइन प्रणालीको विकास गर्दा काम छिटो, छरितो र सहज हुन्छ", उहाँले भन्नुभयो । साइबर सुरक्षाको समस्या हल गर्दै अनलाइन प्रणालीलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्कीले सरकारले ल्याएको 'ऊर्जा विकास मार्गचित्र-२०८१' मुलुकको जलविद्युत् विकासमा ऐतिहासिक भएको बताउनुभयो ।

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आयोगमार्फत प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई गुणस्तरीय, जिम्मेवार तथा जवाफदेही बनाउन, अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गर्दै सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन अनलाइन प्रणालीका शुभारम्भ गरिएको बताउनुभयो ।

अध्यक्ष धितालले आगामी दिनमा आयोगबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा कामकारबाही पूर्णरूपमा प्रविधिमैत्री गर्ने अभियानमा आयोग प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । आयोगका सदस्य गौतम डङ्गोलले अनुमतिपत्र प्राप्त व्यक्ति तथा सङ्गठित संस्थाले आयोगबाट सम्पादन हुने शेयरको सार्वजनिक निष्काशन, विद्युत् खरिद बिक्री सम्झौतामा सहमति तथा संशोधन तथा शेयर संरचना परिवर्तनसम्बन्धी सम्पूर्ण कामकारबाही अनलाइन प्रणालीमार्फत हुने जानकारी दिनुभयो ।रासस

**मन्त्री खड्काले मुलुकको विकासको प्रमुख आधार ऊर्जा क्षेत्र भएकाले यसको विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो । "स्रोतमाथिको अधिकार सबैको बराबर हुन्छ, जलविद्युत्मार्फत सरकारले गरिब तथा विपन्न परिवारलाई न्यूनतम दुई लाखदेखि अधिकतम पाँच लाखसम्मको शेयर दिएर न्यून आय भएका नागरिकको आर्थिकस्तर उकास्न खोजेको छ", उहाँले भन्नुभयो ।**

# 'शान्तिप्रक्रिया शीघ्र टुङ्ग्याउन दबाब सृजना गरौँ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम टुङ्ग्याउन दबाब सृजना गर्नुपर्ने बताउनुभएको छ ।

बेपत्ता योद्धा राजेन्द्र ढकालको २६ औं स्मरण दिवसका अवसरमा बुधबार यहाँ आयोजित 'शान्ति प्रक्रिया र बेपत्ता नागरिकको सार्वजनिकीकरणको सवाल' विषयको कार्यक्रममा उहाँले शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सबैले दबाब सिर्जना गर्नुपर्ने अवस्था उत्पन्न भएको बताउनुभयो ।

शान्तिप्रक्रियालाई निष्कर्षमा पुग्न नदिन केही तत्व लागेका उल्लेख गर्दै उहाँले भन्नुभयो, "शान्तिप्रक्रियालाई जटिल मोडमा पुऱ्याउने प्रवृत्ति पनि देखिएको छ, त्यो तत्वले टुङ्गिन लागेको शान्तिप्रक्रियालाई रोकिराखेको छ ।"

शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई चाँडो टुङ्गोमा पुऱ्याउन सबै राजनीतिक दल इमान्दार हुनुपर्नेमा जोड दिँदै उहाँले यससम्बन्धमा नेपाली कांग्रेस र नेकपा (एमाले)सँग छलफल गर्ने बताउनुभयो ।

एमाले नेता अग्नि खरेलले शान्तिप्रक्रियालाई टुङ्गो लगाउन सरकार र आफ्नो पार्टी इमान्दार रहेको बताउनुभयो । "शान्तिप्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक छ, एमाले केन्द्रीय समिति बैठकमा पेस भएको दस्तावेजमा पनि शान्तिप्रक्रियालाई निष्कर्षमा लैजाने विषय उल्लेख छ", उहाँले भन्नुभयो, "शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्छ ।"



पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन कानुनी पक्षलाई मात्र नहेरी द्वन्द्वपीडित दुवैपक्षबीच सहमति एवं विश्वासको वातावरण बन्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय टुङ्ग्याउन विलम्ब भएमा मुलुकको छवि अन्तर्राष्ट्रिय रुपमा धुमिल हुने बताउनुभयो ।रासस

# विद्यालय पाठ्यक्रममा स्वास्थ्य सचेतनाका विषय परिमार्जन गर्नुपर्ने



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्ने बताउनुभएको छ ।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसँग भेटवार्ता गर्दै उहाँले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनासम्बन्धी विषय परिमार्जनका लागि विज्ञ समिति बनाएर काम गर्न सहकार्यको प्रस्ताव गर्नुभयो ।

उहाँले भन्नुभयो, "नसर्ने रोग बढ्दै गएकाले यसलाई रोकथाम गर्न विद्यालय तहबाटै सचेतनामूलक सामग्री प्रभावकारी बनाउनुपर्छ । पाठ्यक्रम विकास केन्द्रलाई स्तरीय सामग्री तयार पार्नका लागि मन्त्रालय सहकार्य गर्न तयार छ ।" उहाँले पाठ्यक्रममा स्वस्थ खानपिन तथा मादकपदार्थविरुद्ध सचेतनाका विषय पनि समावेश गर्न सुझाव दिनुभयो ।

यसका लागि दुवै मन्त्रालयको संयुक्त समूह बनाउन मन्त्री पौडेलले गरेको प्रस्तावमा मन्त्री भट्टराईले सकारात्मक प्रतिक्रिया जनाउनुभयो । उहाँले दुवै मन्त्रालयबीच सहकार्यको प्रस्ताव सराहनीय रहेकाले थप गृहकार्य आवश्यक रहेको बताउनुभयो ।रासस

# बक्यौता रकम भुक्तानीका लागि निर्माण उद्योग परिषद्को प्रधानमन्त्रीलाई आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल निर्माण उद्योग परिषद्ले निर्माण क्षेत्रमा देखिएको सङ्कुचन अन्त्यका लागि बक्यौता रकम भुक्तानी र भौतिक पूर्वाधारमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ ।

प्रधानमन्त्री निवासमा मङ्गलबार साँझ भएको भेटमा प्रधानमन्त्री ओलीसँग परिषद्का अध्यक्ष बलिभद्र रानासहितका पदाधिकारीले सार्वजनिक खरिद नियमावलीमा संशोधन, छड, सिमेन्टलगायत निर्माण सामग्रीमा भएको मूल्यवृद्धिलाई ध्यान दिएर ठेक्कामा मूल्य समायोजनलगायत विषयमा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराउनुभएको हो ।



प्रधानमन्त्री ओलीले निर्माण व्यवसायीको केही रकम भुक्तानी गरिसकिएको र बाँकी रकम भुक्तानी प्रक्रियालाई सहज बनाउनेगरी काम गर्न आफूले सम्बन्धित निकायलाई निर्देशन दिइसकेको जानकारी गराउनुभयो ।

सबैभन्दा कम रकममा ठेक्का दिने प्रक्रियाले कतिपय स्थानमा गुणस्तरीय निर्माण कार्य हुन नसकेको भन्दै प्रधानमन्त्री ओलीले गुणस्तरमा सम्झौता नगर्न निर्माण व्यवसायीलाई आग्रह गर्नुभयो ।

सरकारलाई गुणस्तर मापदण्ड पूरा नभएका कुनै पनि कार्य स्वीकार्य नहुने स्पष्ट गर्दै उहाँले लागत अनुमान गर्दा सम्भावित जोखिमलाई ध्यानमा राखिएको बताउनुभयो ।रासस

# कार्टरको पार्थिव शरीरलाई श्रद्धाञ्जलिका लागि संसद् भवनमा लगियो

एएफपी

वासिङ्टन । अमेरिकाका दिवङ्गत राष्ट्रपति जिम्मी कार्टरको पार्थिव शरीरलाई मङ्गलबार बृहत् सैन्य सम्मानसहित श्रद्धाञ्जलिका लागि अमेरिकी संसद् भवनमा ल्याइएको छ । उहाँको पार्थिव शरीर स्थानान्तरणको दृष्य हेर्न चोक र अन्य विभिन्न स्थानमा उहाँका शुभचिन्तक र प्रशंसकहरूको उल्लेख्य उपस्थिति देखिएको थियो ।



सन् १९७७ देखि १९८१ सम्म एक कार्यकाल अमेरिकी राष्ट्रपति भन्नुभएका र १०० वर्षको उमेरमा डिसेम्बर २९ मा निधन भएका कार्टरले राष्ट्रपतिबाट विदा भएपछि मानवीय सहयोगका लागि गरेको कार्यका लागि उहाँको उच्च प्रशंसा हुनेगरेको छ। उहाँको मानवीय सहयोग र अधिकारका लागि गरेको कामका लागि उहाँलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

जन्मथलो जर्जियाबाट सुरु भएको औपचारिक शवयात्रा हिउँले ढाकिएको अमेरिकी संसद्भा (युएस क्यापिटल) मङ्गलबार पुऱ्याइएको हो । उहाँको पार्थिव शरीरलाई त्यहाँ बिहीबारसम्म राखिनेछ ।

प्रसारणकर्ता पीबीएसले लाइभ प्रशारणमा सर्वसाधारणले भवनहरूको छत, झ्याल र कौसीबाट दिवङ्गत राष्ट्रपतिलाई श्रद्धाञ्जलि अर्पण गरेको देखिएको छ ।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले भन्नुभएको छ, "राष्ट्रपति कार्टरको पार्थिव शरीर संसद्मा ल्याइपुऱ्याइएको छ र मैले राष्ट्रपति कार्टरको पार्थिव शरीरमा त्यहाँ नै श्रद्धाञ्जलि अर्पण गरेको छु ।"

अमेरिकी वायु सेनाको जेटमा वासिङ्टन ल्याई पुऱ्याइएको अमेरिकी झण्डा ओढाइएको कार्टरको शव राखिएको बाकस (कास्केट) अमेरिकी नेभी मेमोरियलबाट अन्त्येष्टिका लागि बन्दूकगाडीमाथि राखेर क्यापिटोल हिलसम्म पुऱ्याइएको थियो ।

पेन्सिलभेनिया एभिन्यूमा हालै आएको हिउँदे आँधीबेहरीपछि बाटोमा हिउँ जमेका कारण उक्त क्षेत्रमा संघीय कार्यालय र विद्यालयहरू बन्द भएका छन् । हिउले सेताम्मै भएको सडक सफा गर्दै सयौं अमेरिकी सेनाका सदस्यहरूले मृत शरीरलाई संसद् भवनमा पुऱ्याएका थिए ।

शवयात्रामा कार्टरको परिवार, कंग्रेसका सदस्यहरू र प्रधान न्यायाधीश जोन रोबर्ट्स र उपराष्ट्रपति कमला ह्यारिससहित अन्य महानुभावहरूको बाक्लो उपस्थिति रहेको थियो।

कार्टर क्यापिटोलमा राजकीय सम्मानका लागि अन्त्येष्टि समारोहका लागि पुऱ्याइएका १३ औं पूर्व अमेरिकी राष्ट्रपति हुनुहुन्छ । वासिङ्टनको पूर्व राष्ट्रपति ड्वाइट डि आइजनहावर, रोनाल्ड रेगन, जेराल्ड फोर्ड र जर्ज एच डब्लु बुसको अन्त्येष्टि गरिएको एपिस्कोपल चर्च नेसनल क्याथेड्रलमा बिहीबार कार्टरको अन्त्येष्टि गरिनेछ ।

अन्त्येष्टिमा वर्तमान राष्ट्रपति बाइडेनले आफ्ना नेतासाथीले उहाँको जीवनमा गरेका स्मरणीय कामको सम्झना गर्नुहुनेछ । चारै जना जीवित पूर्व राष्ट्रपतिहरू बिल क्लिन्टन, जर्ज डब्लु बुस, बाराक ओबामा र ट्रम्प अन्त्येष्टि समारोहमा सहभागी हुने अपेक्षा गरिएको छ।

बाइडेनले बिहीबार (जनवरी ९) अर्थात् कार्टरको अन्त्येष्टिको दिनलाई राष्ट्रिय शोकको दिन घोषणा गर्नुभएको छ भने त्यस दिन संघीय सरकारका कार्यालयहरू बन्द रहनेछन् ।

उनले शोक मनाउन कै लागि राष्ट्रिय झन्डालाई ३० दिनसम्म आधा झुकाउन निर्देशन दिनुभएको छ ।

अमेकिी राष्ट्रपति भई १०० बर्षसम्म बाँच्ने कार्टर पहिलो अमेरिकी राष्ट्रपति हुन्हुन्छ । उहाँलाई सनु २०२३ को फेब्रुअरी देखि जर्जियाको प्लेन्सस्थित आफ्नो गृहनगरमा 'होस्पिस केयर' राखिएको थियो, जहाँ उहाँको मृत्यु भएको थियो र उहाँलाई उहाँकी स्वर्गीय पत्नी, पूर्व प्रथम महिला रोजालिन कार्टरको समाधिसँगै समाधिस्थ गरिनेछ ।

# दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि सचिवालय



काठमाण्डु । कर्णाली प्रदेशमा आयोजना हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको सचिवालयको स्थापना भएको छ ।

र ा ि ष ट ् य खेलकुद परिषद्द्वारा बुधबार यहाँ आयोजित एक कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सचिवालयको उद्धाटन गर्नुभयो । उहाँले कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने उक्त प्रतियोगिताको तयारीको सुरुआत भएको बताउनुभयो ।

खेलकुदमन्त्री चौधरीले प्रतियोगिता हुन तीन महिना बाँकी रहेकाले सो समयसम्म सम्पूर्ण भौतिक पूर्वाधार निर्माण भइसक्ने बताउनुभयो । उहाँले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक बजेटको फाइल अर्थमन्त्रालयमा बुधबारै पुगेको बताउनुभयो ।

उहाँले प्रतियोगितामा विभिन्न ३६ खेल समावेश गर्ने भनिएपनि त्यस विषयमा आगामी माघ ३ गते बस्ने बोर्ड बैठकले निर्णय गर्ने जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेललाई दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राथमिकतामा राखिने उहाँले उल्लेख गर्नुभयो ।

खेलकुदमन्त्री चौधरीले नेपाल ओलम्पिक कमिटी (एनओसी) बाट राजीनामा दिने राष्ट्रिय खेलकुद सङ्घका पदाधिकारीलाई कारबाहीमा केही छुट हुनसक्ने बताउनुभयो । बोर्ड बैठकले सर्वोच्च र उच्च अदालतको आदेश विपरीत कार्य गर्ने सङ्घका पदाधिकारीलाई कारबाही गर्नसक्ने चेतावनी उहाँले दिनुभयो ।

त्यसैगरी राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले कर्णाली प्रदेशमा आवासीय समस्याका कारण २४ वटा खेल आयोजना गर्ने र बाँकी खेल अन्य स्थानमा गर्ने सम्भावना रहेको बताउनुभयो । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी चैत २३ देखि ३० गतेसम्म गर्ने तय भएको छ ।रासस

# रूसी वायु सेनाले प्रयोग गर्ने तेल डिपोमा आक्रमण

एएफपी

किएभ । युक्रेनले रूस-युक्रेन साझा सीमाबाट सयौं किलोमिटर टाढा रूसी वायु सेनालाई सेवा प्रदान गर्ने रूसी तेल डिपोमा आफ्नो सेनाले आक्रमण गरेको बुधबार जनाएको छ ।

"यो तेल डिपोले एङ्गेल्स-२ सैन्य हवाई क्षेत्रलाई इन्धन प्रदान गरेको छ, जहाँ रूसी शत्रुको क्षेत्रमा रहेको एंगेल्सस्थित रूसी तेल डिपोमा आक्रमण गरेको छ," युक्रेनी जनरल स्टाफले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ।



क्रेमलिनले युक्रेनमाथि आक्रमण सुरु गरेको करिब तीन वर्षपछि मस्को र किएभले ऊर्जा र सैन्य केन्द्रहरूलाई लक्षित गरी सीमापार आक्रमण गरेको शृत लाको यो पछिल्लो आक्रमण हो ।

"युक्रेनी सेनाले सारातोभ रणनीतिक उड्डयन रहेको छ," विज्ञप्तिमा भनिएको छ ।

रूसी अधिकारीहरूले यसअघिको वक्तव्यमा युक्रेनले मानवरहित हवाई वाहनले उक्त क्षेत्रमा आक्रमण गरेको स्वीकारेका थिए ।

# खालिदा जियालाई उपचारका लागि विशेष एयर एम्बुलेन्समा लण्डन लगियो

एएनआई

ढाका । बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) की अध्यक्ष खालिदा जिया उपचारका लागि मङ्गलबार साँझ लण्डन प्रस्थान गर्नुभएको छ ।



ढाका ट्रिब्युनका अनुसार राति ११:४६ बजे उहाँ हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारका अमिरले पठाएको विशेष रोयल एयर एम्बुलेन्समा लण्डन प्रस्थान गर्नुभएको हो ।

राती ८ बजे आफ्नो गुलशन निवासबाट उपचारका लागि लण्डनतर्फ निस्कनुभएका ७९ वर्षीय जिया कलेजो सिरोसिस, मुटुरोग, मृगौलालगायत विभिन्न स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ । उहाँलाई उपचारका लागि लण्डनक्लिनिकमा भर्ना गरिने बताइएको छ ।

जियाका साथमा उहाँका चिकित्सक, परिवारका सदस्य र सहयोगीहरू थिए भने कतार सरकारका डाक्टरहरूको टोली पनि विमानमा सवार भएको थियो । जियालाई लण्डन लैजान कतारको रोयल एयर एम्बुलेन्स सोमबार साँझ ७:४० बजे ढाका आइपुगेको थियो ।

जियालाई लण्डन लैजाने तयारी भएको सूचनासँगै उहाँले प्रस्थान गर्नुअघि ठूलो स ्यामा बीएनपी नेता र कार्यकर्ताहरू गुलशनस्थित जियाको निवास फिरोजा नजिकै भेला भएका थिए।

बीएनपीका महासचिव मिर्जा फखरुल इस्लाम आलमगीर साँझ सवा ६ बजे फिरोजामा पुग्नुभएको थियो भने उहाँले भेला भएका समर्थक र शुभेच्छुकलाई व्यवस्थित रहन र सडक खाली राख्न आग्रह गर्नुभएको थियो ।

लण्डन भ्रमणलाई बीएनपीका वरिष्ठ नेताहरूले राजनीतिक यात्राभन्दा पनि चिकित्सकीय भ्रमणको रूपमा व्याख्या गरेका छन्। खालिदा जियाले राम्रो स्वास्थ्य सेवा प्राप्त गर्नु र लामो समयपछि आफ्नो परिवारसँग पुनर्मिलन गर्नु भ्रमणको मुख्य उद्देश्य रहेको उनीहरूले बताए ।

ढाका ट्रिब्यूनका अनुसार बीएनपीका स्थायी समिति सदस्य तथा वरिष्ठ नेता इकबाल हसन महमुदले बिएनपी नेतृ तथा बङ्गलादेशका पूर्वप्रधानमन्त्री खालिदा जिया आफ्नो उपचारपछि स्वस्थ भई फर्कने र पार्टी र देशको नेतृत्व गरिरहन तयार हुने आशा व्यक्त गर्नुभएको छ ।

नेता महमुदले जियाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै भन्नुभयो, "उहाँ हामीकहाँ स्वस्थ भएर फर्कनुहुनेछ पार्टीको नेतृत्व सम्हाल्नुहुनेछ । हामी सबै उहाँको सशुस्वास्थ्यको प्रार्थना गर्दछौं ।

# क्रिकेट रङ्गशाला निर्माणका लागि स्रोत सुनिश्चित गर्न समितिको निर्देशन

काठमाण्डु । सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बुधबारको बैठकले मूलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणका लागि स्रोतको सुनिश्चितता गर्न सरकारलाई निर्देशन दिएको छ ।



समितिले युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाबारे खेलकुदमन्त्री तेजुलाल चौधरी र मन्त्रालयका कर्मचारीसँग छलफल गरेको थियो । मन्त्री चौधरीले बजेट अभावमा मूलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणमा विलम्ब भएको स्पष्टीकरण दिनुभएको थियो ।

समिति सभापति सोनाम गेल्जेन शेर्पाले मुलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणको लागि स्रोत सुनिश्चितता गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआई) चाँडो टुङ्गाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको बताउनुभयो ।

समितिको बुधबारको बैठकले राष्ट्रिय गौरवका आयोजनाका लागि जनशक्ति व्यवस्थापनलगायत पूर्वतयारीका काम पूरा गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिएको छ ।रासस

# इमरान खानलाई सरकारले नजरबन्दको प्रस्ताव राखेको बहिनी अलिमाको दाबी

एएनआई

इस्लामावाद । पूर्व प्रधानमन्त्री खानलाई रावलपिण्डीको अडियाला जेलबाट बनिगालास्थित उनको निवासमा नजरबन्दमा राख्ने सम्झौता गरिएको पिटिआईका संस्थापक खानकी बहिनी अलिमा खानले हालै खुलासा गर्नुभएको छ ।



पाकिस्तानी सरकारले विपक्षी दल र विशेषगरी पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) सँगको वार्तामा सरकारी हस्तक्षेप र जेलमा रहेका आफ्ना नेता इमरान खानसँग पार्टीको पहुँचमा प्रतिबन्ध लगाएको आरोप लागेपछि वार्ता अवरुद्ध भएको छ ।

मङ्गलबार एक विज्ञप्ति जारी गर्दै अलीमा खानले खैबर पख्तुनख्वाका मुख्यमन्त्री अली अमीन गन्दापुरमार्फत आफ्ना भाइलाई धेरै अफर आएको दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, "सम्भवतः नजरबन्दको बदलामा इमरान खान चुप लागेर बस्नुपर्छ भन्ने सुझावका साथ यो प्रस्ताव आएको हो ।

" यति लामो समय जेलमा बिताएपछि आफ्नो भाइले यस्तो सम्झौता कसरी स्वीकार्ने भनी उहाँले सरकारसँग प्रश्न गर्नुभएको छ ।

गत हप्ता सरकार र पिटिआई दुवैले इमरान खानलाई बनिगाला वा अन्य कुनै स्थानमा स्थानान्तरण गर्ने सहमति नभएको जनाएका थिए ।

सरकारसँग वार्ता जारी रहँदा पिटिआई वार्ताकारहरूले आफ्ना नेतालाई 'निगरानीरहित पहुँच' को लागि जोड दिइरहेका छन् । डिसेम्बरको अन्त्यमा वार्ता पुनः सुरु भएपछि पिटिआईका प्रतिनिधिहरूले विशेष गरी बैठक कक्षको कथित निगरानीप्रति विमति जनाउँदै आएका छन् । उनीहरूले मङ्गलबार नेता खानलाई भेटेका थिए ।

पिटिआईका नेता ओमार अयूबले टोलीले विशेष गरी निगरानी बिना प्रवेशका लागि अनुरोध गरेको तर सरकारका प्रतिनिधिले उक्त अनुरोधलाई अस्वीकार गरेको स्पष्ट पारेका छन् ।

अयुबले जासुसी उपकरणको उपस्थितिले जेलमा रहेका नेतासँगको वार्तामा बाधा पुऱ्याएको र खुला र स्पष्ट संवाद हुन नसकेको दाबी गरेका छन् ।

पिटिआईका अन्तरिम अध्यक्ष ब्यारिस्टर गोहर अली खानले तनाव समाधान गर्नुपर्नेमा जोड दिँदै विपक्षीको लिखित माग पूरा गर्न नसकेको र बताउनुभयो । पिटिआईले मे ९ र नोभेम्बर २६ मा भएको हिंसाको अनुसन्धानका लागि राजनीतिक बन्दीहरूको रिहाई र न्यायिक आयोग गठनजस्ता दुई मुख्य मागहरू यसअघि नै साझा गरिसकेको छ।

ब्यारिस्टर सलमान अकरम राजाले सरकारले नेता खानलाई निर्वाध प्रवेश गर्न नदिएकोमा चिन्ता व्यक्त गर्दै यसलाई सरकारी शङ्कास्पद नियतको सङ्केतको रूपमा उल्लेख गरेका छन् ।

यसैबीच, खानले जेलमा भएको अमानवीय व्यवहारलाई सम्बोधन गर्न कानुनी प्रणालीको सहारा लिनुभएको छ । पूर्व प्रधानमन्त्री खानले आफ्ना कानुनी टोलीमार्फत् इस्लामावादको विशेष न्यायाधीश केन्द्रीय अदालतमा जेल प्रशासनले जेल निर्देशिका र सम्बन्धित कानून अन्तर्गत आधारभूत अधिकारबाट बञ्चित गरेको आरोप लगाउँदै एक याचिका दायर गर्नुभएको थियो ।

आफ्नो निवेदनमा इमरान खानको कानुनी टोलीले बेलायतमा रहेका आफ्ना छोराछोरीलाई साप्ताहिक फोन कलमा प्रतिबन्ध लगाउने र आफ्नो निजी चिकित्सकलाई भेट्न अनुमति दिन इन्कार गर्ने लगायत धेरै गुनासाहरू उल्लेख गर्नुभएको छ ।

# इरानमाथि लगाएको आरोप 'आधारहीन' : तेहरान

एएफपी

तेहरान । इरानले फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रौँले मध्यपूर्वको मुख्य रणनीतिक र सुरक्षा चुनौती तेहरान भएको भनी गरेको टिप्पणीलाई 'आधारहीन' भन्दै बुधबार खण्डन गरेको छ ।



फ्रान्सको विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बाकाईले उक्त टिप्पणीलाई ' आधारहीन, विरोधाभासी र काल्पनिक' भन्दै फ्रान्सलाई 'शान्ति र स्थिरताका लागि आफ्नो गैररचनात्मक दृष्टिकोणमा पुनर्विचार गर्न' आग्रह गर्नुभएको छ ।

म्याक्रौँले सोमबार एक सम्बोधनमा फ्रान्स, युरोप, सम्पूर्ण क्षेत्र र बाहिरका लागि मुख्य रणनीतिक र सुरक्षा चुनौतीका रूपमा इरान खडा भएको बताउनुभएको थियो ।

आगामी जनवरी २० मा कार्यभार सम्हाल्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग इरान छलफलको मुख्य विषय हुने पनि राष्ट्रपति म्याक्रौँले बताउनुभएको थियो ।

पश्चिमा मुलुकले इरानको आणविक कार्यक्रमलाई इरानले आणविक बम बनाउने उद्देश्यले गरेको कार्यका रूपमा आशङ्का गरेको बताउँदै यसले पश्चिमी गठबन्धनलाई निष्कर्षको नजिक पुऱ्याइरहेको पनि राष्ट्रपति म्याक्रौँले बताउनुभयो । बाकाईले इरानको आणविक गतिविधि शान्तिपूर्ण र अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रहेको भन्दै उक्त टिप्पणीलाई ' कपटपूर्ण' भन्नुभएको छ । तेहरानले आणविक हतियार विकास गर्न चाहेको कुरा अस्वीकार गर्दै आएको छ ।अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानले हालैका वर्षहरूमा युरेनियमको संवर्द्धनलाई बढावा दिएको छ र यो ६० प्रतिशत सम्म युरेनियम संवर्धित गर्ने एक मात्र गैर-आणविक हतियार राष्ट्र हो।

> बाकाईले इरानको आणविक गतिविधि शान्तिपूर्ण र अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रहेको भन्दै उक्त टिप्पणीलाई "कपटपूर्ण" भन्नुभएको छ ।

स्तर आणविक बमका लागि आवश्यक ९० प्रतिशत साधनको माग पूरा गर्ने मार्गमा यो स्तर राम्रो मानिन्छ ।राष्ट्रपतिको रूपमा ट्रम्पको पहिलो कार्यकालमा, संयुक्त राज्य अमेरिकाले तेहरानको आणविक महत्वाकाङ्क्षामा रोक लगाउन भन्दै तेहरानविरूद्धका प्रतिबन्धहरूमा राहत प्रदान गर्ने ऐतिहासिक आणविक सम्झौताबाट पछि हटेको थियो।

तेहरानले सम्झौताबाट वासिङ्टन पछि हट्दासम्म सम्झौताको पालना गरेको थियो तर त्यसपछि उसले क्रमिकरूपमा आफ्नो प्रतिबद्धता फिर्ता लिएको थियो । इरानले आगामी जनवरी १३ मा स्वीट्जरल्याण्डमा फ्रान्स, बेलायत र जर्मनीसँग आणविक वार्ता गर्ने सहमति जनाएको छ ।

# सयौँ वर्ष पुरानो संरचना फेला, उत्खनन कार्य जारी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिका-२ स्थित बानेश्वरनाथ महादेव मन्दिरको परिसरमा सात सय वर्ष पुरानो संरचना फेला परेको छ । पुरातत्व विभाग र गौर नगरपालिकाको समन्वयमा गरिएको उत्खनन्ले महत्वपूर्ण ऐतिहासिक तथ्य उजागर गरेको छ ।



पुरातत्वविद देवेन्द्रनाथ तिवारीको नेतृत्वमा दुई हप्तादेखि भइरहेको अध्ययनको क्रममा चौबीस इन्च चौडा गारो भएको घरको संरचना भेटिएको हो । पुरातत्वविद तिवारीले नेपालमा पहिलोपटक ईँटामा मानिसको औंलाको छाप फेला परेको जानकारी दिएका छन् । तिवारीले नेपालकै लागि ठूलो उपलब्धि रहेको बताउँदै कुनै पनि संरचनामा यस्ता चिन्ह नदेखिएको बताए ।

उत्खननका क्रममा सिम्रौनगढ साम्राज्यका राजाहरूको पालामा प्रयोग भएका ईँटाहरू भेटिएका छन् । ईँटा २८ सेन्टिमिटर लम्बाइ,२० सेन्टिमिटर चौडाइ, र ६ सेन्टिमिटर बाक्लो रहेको पाइएको छ । स्थानीयवासी र इतिहासविद्हरूका अनुसार यो क्षेत्र राजा सेवई सिंहको पालामा निर्माण गरिएको थियो ।

उत्खननका क्रममा मन्दिरको आसपास माटोका खेलौनाहरू, पिङ, घरका खपडाहरू, र दुईवटा इनार फेला परेका छन् । स्थानीय बुद्धिजीवीहरूका अनुसार मन्दिर वरिपरि सातवटा इनार रहेकोमा एक इनार अहिले पनि सञ्चालनमा छ भने दोस्रो इनार हाल फेला परेको छ । मन्दिरको दक्षिणतर्फ उत्खनन गर्दा बेलपत्रको रुखमुनि अर्को इनार फेला परेको छ । पूजारीहरूको भनाइ अनुसार मन्दिरको आसपास सर्पहरूको उपस्थिति देखिनु पनि ऐतिहासिक महत्वसँग जोडिएको छ ।

गौर नगरपालिकाका प्रमुख शम्भु साहले विगत दुई वर्षदेखि पुरातात्त्विक अध्ययनका लागि पहल गरेका थिए । नगरपालिकाको लगानीमा पुरातत्त्व विभागले अध्ययन तथा उत्खनन् गरिरहेको छ ।

# ‘मधेशी समुदायमाथिको भेदभाव र उत्पीडनमा कमी आएन’

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले राजतन्त्रको अन्त्यपछि बहुदलीय व्यवस्था हुँदै अहिले गणतन्त्रमा आइसक्दा पनि मधेशी समुदायमाथिको भेदभाव, असमानता, शोषण र उत्पीडनमा कमी नआएको बताएका छन् ।




मधेशी, आदिवासी जनजाति, मुस्लिम, थारु, महिला र दलित समुदायलाई राजनैतिक रूपमा पछाडि पार्ने काम हुँदै आइरहेको पनि उनले बताए ।

जनतासँग जसपा नेपाल आधार भूत संगठन निर्माण अभियानअन्तर्गत सप्तरीको कञ्चनरूपमा बुधबार आयोजित अभिमुखीकरण कार्यक्रममा बोल्दै अध्यक्ष यादवले बहुदलीय व्यवस्था आएको ३५ वर्षमा मुलुकको अवस्था थप जर्जर भएको बताए ।

मधेश आन्दोलनका बेलामा नागरिकता समस्याको आंशिक समाधान भए पनि मधेसी समुदायमाथिको भेदभाव, असमानता, शोषण र उत्पीडनमा कुनै कमी नआएको पनि उनले बताए ।२०४६ को परिवर्तनपछि ३५ वर्षमा ३७ सरकार बने पनि सुशासन, गरिबी र बेरोजगारी हटाउनेतर्फ कुनै सम्भावना ल्याउन नसकेको यादवको आरोप लगाए ।

जसपा नेपालका अध्यक्ष यादवले बिचौलिया र कर्मचारीतन्त्र मिलेर मुलुक चलाउन खोजेको आरोप लगाए । सरकारको नेतृत्व गर्ने कांग्रेस र कम्युनिस्टले मुलुकलाई भ्रष्टाचारको दलदलमा फसाएको आरोप लगाउँदै यादवले शिक्षा, कृषि, उद्योग, उत्पादन सबै क्षेत्रलाई पछिल्लो ३५ वर्षमा धराशयी बनाइएको आरोप पनि लगाए ।

पश्चिम नेपालबाट भारतको उत्तर प्रदेशमा समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवसँग भेट्दै सप्तरी आएका अध्यक्ष यादवले भारतीय स्वतन्त्रता आन्दोलन र समाजवादी आन्दोलनमा सप्तरीको योगदानबारे बोले ।

नेपालमा राणकालीन समयमा भारतीय स्वतन्त्रता आन्दोलनमा सघाउ पुऱ्याउन कुसहाघाट क्याम्पको चर्चा गर्दै अध्यक्ष यादवले हनुमाननगर जेल काण्डमा थुनिएका भारतीय समाजवादी नेताहरू जयप्रकाश नारायण, राममनोहर लोहियालगायत नेतालाई मुक्त गराएको विषय पनि उनले स्मरण गरेका थिए ।

# जय ट्रफी : आर्मीको फराकिलो अग्रता, मधेश १२९ रनमै सीमित

**टुडे समाचारदाता**

जनकपुरधाम । ‘जय ट्रफी मेन्स एलाइट कप’ अन्तर्गत तेस्रो खेलमा पहिलो दिन विभागीय टोली त्रिभुवन आर्मी क्लबले बागमती प्रदेशविरुद्ध एक सय ५२ रनले अग्रता लिएको छ ।



जनकपुरधामस्थित रामजानकी खेल मैदानमा जारी प्रतियोगितामा बुधबारको खेल सकिँदा बागमती २२ ओभरमा पाँच विकेट गुमाएर एक सय २४ रन बनाए । बागमती प्रदेशका नन्दन यादव १८ र विपिन आचार्य एक रनमा अविजित भए ।

त्यस्तै शुभ कंशाकार ३४, उत्तम मगर २८, रित गौतम २१ र आशुतोष घिरैया ११ रन बनाएर बाहिरिए । बलिङमा आर्मीका आकाश चन्दले तीन तथा सोमपाल कामीले दुई विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित ६० ओभरमा पाँच विकेटको क्षतिमा दुई सय ७६ रन बनाएको थियो । आर्मीका लागि इम्रान शेखले ७२ रन बनाए ।

उनले एक सय चार बलमा बलमा ११ चौकाको सहयोगमा उक्त रन बनाए । त्यस्तै बसिर अहमदले ६४ बलमा आठ चौकाको सहयोगमा अविजित ५३, तृतराज दासले ४४, कुशल मल्लले अविजित ३५ र भीम सार्कीले ३२ रन बनाएका थिए । बलिङमा बागमतीका विपिन आचार्यले तीन तथा कप्तान सन्दीप लामिछानेले दुई विकेट लिए ।

त्यसैगरी वीरगञ्जस्थित नारायणी क्रिकेट मैदानमा भएको खेलमा नेपाल पुलिस क्लबले मधेश प्रदेशविरुद्ध ४५ रनको अग्रता बनाएको छ । बुधबारको खेल सकिँदा पुलिसले ४० ओभरमा तीन विकेटको क्षतिमा एक सय ७४ रन बनाएको थियो ।

पुलिसका लागि कुशल भूर्तेलले अर्धशतकीय इनिङ्स खेले । लामो समयपछि लयमा फर्किनुभएका कुशलले ६८ बलमा १० चौकाको सहयोगमा ६३ रन बनाउनुभएको छ । त्यस्तै दिलिप नाथले ४० र गुलशन झाले २० रन बनाए । अमित श्रेष्ठ ३४ र र कप्तान आरिफ शेख १३ रनमा अविजित भए ।

बलिङमा मधेशका हरिशङ्कर शाहले दुई तथा अभिषेक तिवारीले एक विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको मधेश ४२.४ ओभरमा एक सय २९ रनमा अलआउट भएको थियो ।

## हत्यामा आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । हत्या आरोपमा पर्सा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पर्सा प्रहरीले हजुरबुवाको हत्या गरेको आरोपमा नाति-नातिनीलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेमा पर्साको पोखरिया नगरपालिका- ८ स्थित जगतपुरका २० वर्षीय खुश्बु खातुन र १८ वर्षीय काबुल देवान रहेका छन् । उनीहरूले ८० वर्षीय हजुरबुवा रामजान देवानको सोमबार राति कुटपिट गरी हत्या गरेको पर्सा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए । घरायसी विवादको क्रममा कुटपिट गर्दा गम्भीर घाइते भएका रामजानलाई वीरगञ्ज हेल्थ केयर हुँदै न्युरो अस्पताल वीरगञ्ज पुर्याइएको थियो । उपचारको क्रममा उनको मंगलबार बिहान मृत्यु भएको उनको भनाइ छ ।

पर्सा प्रहरीले दिएको जानकारी अनुसार घरमा वाइफाईको विषयमा सामान्य विवाद हुँदा हजुरबुवालाई कुटपिट गरेको अनुसन्धानमा खुल्न आएको छ । कुटपिट पश्चात घाइते भएका रामजानको अस्पतालमा मृत्यु भएपछि संलग्नहरूलाई पक्राउ गरिएको छ ।

# जाडो र हुस्सु बढेपछि ट्राफिक प्रहरीको विशेष अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । जाडो र हुस्सुको मौसममा सडक सुरक्षा सुनिश्चित गर्नको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले विशेष अभियान शुरु गरेको छ । सो अभियानको मुख्य उद्देश्य सडक दुर्घटनाका जोखिमलाई कम गर्नु र सवारी चालकहरूको सुरक्षा सुनिश्चित गर्नु रहेको जनाइएको छ ।



धनुषा ट्राफिक प्रहरी प्रमुख हरि बहादुर वलीका अनुसार हुस्सुका कारण सडकमा धुमिल भएकोले गाडीका सिसा र चिसोले चालकको हातखुट्टा कठ्यांग्रिनाले दुर्घटनाका सम्भावना बढी हुने गरेको बताए । सो समस्यालाई समाधान गर्न ट्राफिक प्रहरीले आगो ताप्ने र गाडीको सिसा पुछ्ने व्यवस्था गरेको उनले स्पष्ट पारे ।

मंगलबार पूर्वपश्चिम राजमार्ग र जनकपुरधाम-ढल्केवर सडक खण्डमा ट्राफिक प्रहरीले सो अभियान शुरु गरेको छ । प्रमुख वलीले हुस्सुका कारण गाडीका सिसा धुमिल हुने हुँदा अगाडि देख्न नसक्दा दुर्घटना हुन सक्ने सम्भावना रहेको बताए । यस्तो अवस्थामा ट्राफिक प्रहरीले सवारीलाई रोक्दै सिसा पुछ्नको लागि निर्देशन दिने गरेको उनको भनाइ छ । उनले भने, ‘यसका साथै चिसोले चालकको शरीरलाई कठ्यांग्रिन सक्छ, जसले सवारी चलाउनमा असहजता उत्पन्न गर्न सक्छ । यसका कारण दुर्घटनाका सम्भावना बढ्ने भएकाले स्थान-स्थानमा आगो बालेर चालकलाई आगो ताप्ने सुविधा पनि प्रदान गरिएको छ ।’

उनले सो अभियानलाई अत्यधिक जाडोको अवधिभर जारी राखिने बताए । जसले गर्दा यात्रु र चालकहरूलाई सुरक्षा र सजगता कायम राख्न मद्दत पुर्याउने विश्वास व्यक्त गरेका छन् ।

धनुषाका विभिन्न स्थानहरूमा ट्राफिक प्रहरीका टोलीले गाडीको सिसा पुछ्ने र आगो ताप्ने कार्यलाई निरन्तरता दिने उनले बताए ।

# ठोरीमा ३ दिनदेखि हात्ती आतंक

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ठोरी गाउँपालिका वडा नम्बर-२ गौतमनगर र इच्छानगरमा तीन दिनयता जंगली हात्तीले आतंक मच्चाएको छ । चितवन राष्ट्रिय निकुञ्जबाट आएको एउटा हात्तीले घर भत्काउने र आक्रमण गरिरहेको जनाइएको छ ।



स्थानीय चिरञ्जीवी सापकोटाले जनाए अनुसार सोमबार राति ३ बजेदेखि गाउँ प्रवेश गरेको उक्त हात्तीले गौतमनगरमा चेतबहादुर बस्नेतको घरको बार भत्काएर भकारीमा राखेको ४० हजार रुपैयाँबराबरको ६ क्विन्टल धान नष्ट गरेको जनाइएको छ । सो क्रममा हात्तीले स्थानीय सीता गौतम र काजी प्याकुरेलको घरमा पनि क्षति पुऱ्याएको छ ।

गौतमनगरमा बुधबार बिहान ३ बजेदेखि ११ बजेसम्म पनि बस्ती प्रवेश गरेर उक्त हात्तीले आतंक मच्चाएको स्थानीयले बताएका छन् ।

नेपाली सेनाले सो गाउँको बाटो भएर आवागमनमा रोक लगाएको छ । सोमबार गस्तीको क्रममा अमुवा पोस्टबाट खटिएको नेपाली सेनाको गस्ती टोलीलाई पनि उक्त हात्तफले आक्रमण प्रयास गरेको सापकोटाको भनाइ छ ।

# साइबर सुरक्षा र एआईबारेमा छलफल



**टुडे समाचारदाता**

जनकपुरधाम । आमसञ्चार प्राधिकरण मधेश प्रदेशले धनुषाका पत्रकारहरूको लागि साइबर सुरक्षा र एआई सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ ।

सो कार्यक्रमले पत्रकारहरूलाई साइबर सुरक्षाका महत्वपूर्ण पक्ष र एआइ प्रविधिको सकारात्मक र नकारात्मक प्रभावबारे व्यापक रुपमा छलफल गरेको छ ।

सो कार्यक्रममा पत्रकारिता र प्रविधिका क्षेत्रका विशेषज्ञ जीवन भण्डारी र प्रकाश मैनालीले साइबर सुरक्षा र एआइको क्षेत्रमा भएका नवीनतम विकासहरू र तिनका पत्रकारितामा प्रभावबारे वक्ताहरुले बोलेका थिए । पत्रकारहरूले आगामी समयको लागि आफूलाई सुसज्जित बनाउन र साइबर आक्रमण र प्रविधिको दुरुपयोगबाट जोगिन आवश्यक रहेको भन्दै सचेतसमेत गराइएको थियो ।

गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले इच्छाशक्ति भएपछि कुनैपनि कार्य सम्भव छ । ६ वर्षसम्म हुन नसकेको शिक्षा नीति मैले मन्त्रीको पदमा रहेका दुई महिनामा बनाएको बताए ।

उनले आफ्नो कार्यकालको महत्वपूर्ण उपलब्धिहरूको उल्लेख गर्दै प्रदेशका पत्रकारहरूको स्वास्थ्य र दुर्घटना बीमासहित अन्य विभिन्न योजनाहरूको सुरुवात गरिसकेको जानकारी दिए । मन्त्री लेखीले आगामी योजनाबद्ध कामहरूको बारेमा बताए । उनले पत्रकारहरूको हकमा विभिन्न सुविधाहरू र योजनाहरू बनाउनका लागि आफ्नो मन्त्रालय सक्रिय रहेको उल्लेख गरे ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारिता तालिम, पत्रकारहरूको व्यावसायिक विकास, बीमा कार्यक्रम र जिम्मेवार पत्रकारिताको लागि प्राधिकरणले निरन्तर रूपमा कार्य गर्दै आएको जानकारी दिए ।

# शहीद परिवारको स्वास्थ्य बीमा गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले शहीद परिवारहरूको स्वास्थ्य बीमा गरिने भएको छ ।

शहीद परिवारको स्वास्थ्य सेवामा सुधार ल्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने भएको छ ।

गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले पुस ९ गतेबाट उक्त बीमा कार्यक्रम लागू भएको जानकारी दिए ।



मन्त्री लेखीले स्वास्थ्य बीमा कार्यक्रमले प्रदेशका शहीद परिवारका सदस्यलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने बताए । उनले यस स्वास्थ्य बीमा कार्यक्रमले शहीद परिवारहरूलाई स्वास्थ्य समस्यामा सहयोग पुर्याउने विश्वास व्यक्त गरे । उनले शहीद परिवारलाई मेडिकल उपचारमा आर्थिक भारबाट मुक्त गर्ने लक्ष्य राखेको बताए ।

गृहमन्त्रीको नेतृत्वमा स्थानीय सेवा र संरचनासम्बन्धी कानूनी संशोधनका लागि कार्यदल गठन गरिएको जानकारी पनि दिए । यस कार्यदलले स्थानीय तहहरूको संरचनामा सुधारका लागि मस्यौदा तयार पार्ने कार्यमा समर्पित हुने जनाइएको छ ।

मन्त्री लेखीले बिहीबारसम्म कार्यदलले तयार पारेको मस्यौदा प्रदेश सरकारलाई बुझाइने तयारी रहेको बताए ।

# सिरहाका अधिकांश विद्यालयमा जाडो बिदा

**टुडे समाचारदाता**

लहान । शीतलहर र जाडो बढेसँगै सिरहाका स्थानीय तहले धमाधम विद्यालय बन्द गर्न थालेका छन् । सिरहा जिल्लाको ७ वटा स्थानीय तहले अहिलेसम्म बिदा दिइसकेको छ ।



जिल्ला प्रशासन कार्यालय सिरहाले जनाए अनुसार मिर्चैया नगरपालिका,कल्याणपुरनगरपालिका, गोलबजार नगरपालिका, धनगढीमाई नगरपालिका, लक्ष्मीपुरपतारी गाउँपालिका, विष्णुपुर गाउँपालिका र अर्नामा गाउँपालिकाले बिदा दिएको छ । स्थानीय तहहरूले माघ १ गतेसम्मका लागि बिदा दिएको जनाइएको छ ।

शीतलहर र जाडोका कारण जनजीवन प्रभावित हुन थालेपछि बालबालिकाको स्वास्थ्यको ख्याल गर्दै वर्षे बिदाबाट कट्टा हुने गरी जाडो बिदा दिइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८